एकीकरणले विश्वमानचित्रमा नेपालीको अस्तित्व... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २२८ • २०७९ साल पुस २८ गते विहीबार (12 January, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेश प्रदेशको मुख्यमन्त्रीमा जसपाका यादव नियुक्त

**राजेन्द्र यादव**

जनकपुरधाम ।मधेश प्रदेशको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी (जसपा) का सरोजकुमार यादव नियुक्त भएका छन् । प्रदेश प्रमुख हरिशंकर मिश्रले जसपा संसदीय दलका नेता यादवलाई बुधवार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

मधेश प्रदेशका ६३ जना सभा सदस्यको समर्थनसहितको पत्र बुझाएपछि यादवलाई संविधानको धारा १६८ को उपधारा (२)बमोजिम मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गरिएको हो । उनलाई नेकपा एमाले, जसपा, जनमत पार्टी, माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) उन्मुक्ति पार्टी, नेपाल समाजवादी पार्टी सहित २ जना स्वतन्त्र सांसदले समर्थन गरेका हुन् ।

मुख्यमन्त्रीमा यादवलाई नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाहेकका सबै दलले समर्थन गरेका छन् ।

नेकपा (एमाले)का २३, जसपाका १६, जनमत पार्टीका १३, नेकपा (माओवादी केन्द्र)का ७, राप्रपाका १, नागरिक उन्मुक्ति पार्टीका १, स्वतन्त्र सांसदद्वय सुरिता साह र अनुरुद्ध प्रसाद सिंहले समर्थन गरेका हुन् । माओवादी केन्द्रको ९ जना सांसद भए पनि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको कारण २ जना सांसदको शपथ ग्रहण हुन सकेको छैन् ।



प्रदेश प्रमुख मिश्रले विहीबार अपरान्ह ४ बजेसम्म मुख्यमन्त्रीका लागि दाबी गर्ने समय दिएका थिए । मधेश प्रदेशसभामा कुल १ सय ७ सांसद छन् । बहुमतको सरकार बनाउन कम्तीमा ५४ सांसद आवश्यक पर्छ । तर नव नियुक्त मुख्यमन्त्रीलाई ६३ सांसदको समर्थन छ । कांग्रेसको २२, लोसपाको ९, नेकपा (एस)को ७ र अन्य स्वतन्त्र सांसदले मात्रै उनलाई सर्मथन गरेका छैनन् ।

मुख्यमन्त्रीमा नियुक्त भएसँगै उनको शपथ ग्रहणको तयारी तीव्र रुपमा भइरहेको छ । मधेश भवन भित्र पण्डाल सजाउने काम भइरहेको छ । शुक्रवार सवा १२ बजे उनको शपथ ग्रहण कार्यक्रम राखिएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ ।

जसपा मधेश प्रदेशका अध्यक्ष रामबाबु यादवले जनाए अनुसार मुख्यमन्त्रीसँग १ जनाले मात्र मन्त्री पदको शपथ लिने छन् ।सत्तागठबन्धनका दलहरुबीच मन्त्रालयको बाँडफाँट बाँकी रहेकाले १ जना मन्त्रीले मात्र शपथ लिने छन् ।

'मन्त्रालयको टुँगो लगाउन र मन्त्रीको नाम सिफारिस गर्न दलहरुलाई केही समय चाहिएको छ ' ।

मधेश प्रदेशमा जसपा र जनमत पार्टीले आलोपालो सरकारको नेतृत्व गर्ने संघीय गठबन्धनमा सहमति भएको छ ।सरकारको पहिलो नेतृत्व जसपाले गर्ने र प्रदेश सभामा उपसभामुख जनमत पार्टीले पाउने सहमति भएको एमालेका एकजना सभासदले जनाए । सभामुख भने ५ वर्षको पूर्ण कार्यकाल एमालेको रहने सहमति भएकोछ ।

नेपाली कांग्रेसले जसपालाई ५ वर्ष नै सरकारको नेतृत्व गर्ने गरी समर्थन गर्ने प्रस्ताव गरेको जसपाका अध्यक्ष यादवले बताए ।तर गठबन्धनका शीर्ष नेताहरुबीच मधेश प्रदेशमा पद बाँडफाँटमा सहमति भइसकेकाले त्यसै अनुसार हुने उनले बताए ।

कांग्रेसको समर्थन नरहेको मधेश प्रदेश सरकारलाई विश्वासको मत पनि नदिने कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले जनाए ।'कांग्रेसको समर्थनमा सरकार बनाएको भए जसपालाई पूर्ण समय दिन सकिन्थ्यो ' उनले भने, अब कांग्रेस प्रमुख प्रतिपक्षको रचनात्मक भूमिका निर्वाह गर्नेछ ।

नवनियुक्त मुख्यमन्त्री यादवले सहमति अनुसार नै मन्त्रीमण्डल गठनका साथै 'हाल कायम रहेको १० वटा मन्त्रालय नै रहनेछ' । 'मधेश प्रदेशमा भ्रष्टाचार हुन दिने छैनौं' उनले भने, भ्रष्टाचार गर्नेहरुलाई कारबाहीको दायरामा ल्याइनेछ ।

# लोसपा पनि मधेश सरकारमा जाने

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि मधेश सरकारमा जाने भएको छ । मुख्यमन्त्री नियुक्तिको क्रममा समर्थन नजनाएको लोसपाले भने सरकारलाई समर्थन गर्ने केन्द्रीय स्तरमा बुधवार सहमति भएको छ । लोसपाले सरकारलाई समर्थन गरे पछि ७२ सांसद सरकारको पक्षमा हुनेछ । यो संख्या झण्डै दुई तिहाई बहुमत हुनेछ । लोसपाले दुईवटा मन्त्रालय मागेको छ ।

पूर्वाञ्चल विश्वविद्यालय
स्कूल अफ साइन्स एण्ड टेक्नोलोजि, विराटनगर

**पुनः प्रवेश परीक्षाको अनलाईन (Online) आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

B.Tech. in AI/BCA/BIT र PGDCA शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७९/०८० (सन २०२२)मा नयाँ भर्नाको पुनः प्रवेश परीक्षाका लागि अनलाईन (Online) आवेदन फाराम आहवान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले P.U. School of Science and Technology (PUSAT) र शैक्षिक कार्यक्रम छनौट गरी Online फारामको सम्पूर्ण विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) सहित सम्बन्धित संकायको website मार्फत आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको छ । नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रुपले Attach गर्नु पर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

**Online आवेदनका लागि website:**

**विज्ञान तथा प्रविधि संकाय:** www.pufost.edu.np or www.entrance.puexam.edu.np

**आवेदन फाराम शुल्क** (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) **(सेवा शुल्क बाहेक):** रु.१५००/- (एक हजार पाँच सय मात्र)

**दोब्बर दस्तुर** (ई.सेवा/खल्ति/कनेक्ट आई.पि.एस.) **(सेवा शुल्क बाहेक):** रु.३०००/- (तीन हजार मात्र)

**आवेदन बारे जानकारी:** PU School of Science & Technology, Online मार्फत छनौट गरी प्रवेश परीक्षा फाराम भरेपछि तोकिएको दस्तुर तिरी मिति २०७९/१०/०६ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७९/१०/०६ गतेसम्म आवश्यक कागजातहरुको सक्कल प्रतिलिपि (प्रतिलिपि वा फोटोकपीबाट होइन) अनिवार्य रुपले Scan/Attach गरी JPEG/JPG/BMP Format मा upload गर्नु पर्नेछ ।

**पुनः प्रवेश परीक्षा संचालन हुने मिति: २०७९/१०/१४ गते शनिवार ।(परीक्षा केन्द्र र समय पछि प्रकाशित हुनेछ ।)**

विस्तृत जानकारीका लागि: सम्पर्क नं.०२१-४६५१०८ र ९८४१६७४७९३, पू.वि.स्कूल अफ साइन्स एण्ड टेक्नोलोजि, विराटनगर ।

डाइरेक्टर






# व्यावसायिक तरकारी खेती गर्ने किसानलाई बजारको चिन्ता



कपिलवस्तु । कपिलवस्तु नगरपालिका-९ का शिवपुजन बरईको परिचय व्यावसायिक तरकारी किसानका रूपमा छ । मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आउनुभएका बरईको खेतमा अहिले टमाटर बेच्ने अवस्थामा छ।

साथमा काउली, बन्दा, मुलालगायतका तरकारी बिक्री हुने अवस्थामा छ । वैशाख, जेठलाई लक्षित गरी उहाँले तरकारी लगाउन थाल्नुभएको हो।

बरई आफूले गरेको मेहेनत देखेर जसरी खुसी देखिनुहुन्छ उत्तिकै बढी चिन्ता बजार मूल्यको छ । "अहिलेसम्म पर्याप्त मल पाइएको छैन, बीउबिजन पनि गुणस्तरहीन हुँदा आपतउस्तै छ", उहाँले गुनासो गर्दै भन्नुभयो, "किसानको जीवन सधैँ चिन्तामा बित्ने भयो ।" बरई पुर्खाले नै गर्दै आएको तरकारी खेती अँगाल्न पुग्नुभएको हो।

बुवाले गर्दै आएको तरकारी खेती आफूले पनि अँगालेको उहाँले बताउनुभयो । "म ४० वर्षको भएँ, यही तरकारी खेतीबाहेक दायाँबायाँ लागेको छैन", उहाँले भन्नुभयो। पुर्खौँदेखि तरकारी खेती गरे पनि उहाँको जीवन भने फेरिएको छैन। घरको स्थिति विगतजस्तै छ। छोराछोरी सरकारी विद्यालयमा जसोतसो पढ्न पाएका छन्। "तरकारी खेती गरेर जीवन कहिले फेरिने हो, म त सपना देख्छु", उहाँ भन्नुहुन्छ।

अर्का किसान श्रीप्रसाद मौर्या पनि व्यावसायिक तरकारी खेती गर्न लागेको तीन दशक बढी भएको छ। पन्ध्र कठ्ठा क्षेत्रफलमा मौर्याले तरकारी खेती गर्दै आउनुभएको छ। बाह्रै महिना तरकारी फलाउने मौर्याको जीवन बरईको जस्तै छ। "वर्षभरि तरकारी खेती गर्‍यो, आम्दानी सापोनापो उहीँ हुन्छ", उहाँले भन्नुभयो, "तरकारी फलायो मूल्य पर्दैन, समयमा मल पाइँदैन, बीचमा बिचौलिया हाबी हुन्छन्, लगानी पनि उठ्न सक्दैन।"

अहिले बजारमा पाइने सबैथरिका मौसमी तरकारी उहाँले उत्पादन गर्नुभएको छ। तर उहाँको मनमा खुसी भने छैन। भारतबाट चर्को मूल्यमा मल ल्याउनुपर्ने अवस्था भएको उहाँको गुनासो छ। जसोतसो उत्पादन गरेको तरकारी पनि बजारसम्म पुर्‍याउन निकै कठिन भएको उहाँ बताउनुहुन्छ।

बरई र मौर्याका जस्तै यहाँ व्यावसायिक तरकारी खेती गर्ने किसानको सामूहिक समस्या हो । जिल्लामा व्यावसायिक तरकारी खेती गर्दै आएका किसानले विभिन्न समस्या झेल्दै आएका छन् । समयमा मलखाद र बीउ नपाइनु, सिँचाइ सुविधा अभाव हुनु, बिक्री केन्द्र नहुनु र बीचमा बिचौलिया हाबी हुँदा व्यावसायिक तरकारी खेती गर्दै आएका किसान मर्कामा छन् ।

कृषि ज्ञान केन्द्र कपिलवस्तुका अनुसार पछिल्लो समय व्यावसायिक तरकारी खेती गर्ने किसानको सङ्ख्यामा वृद्धि भएको छ। जिल्लाका साविक धनकौली, निग्लिहवा, विजुवा, नन्दनगर गाविस, कपिलवस्तु नगरपालिका वडाको वडा नं ३, ४, ५, बुद्धभूमि नगरपालिकाको बुड्ढी, शिवराज नगरपालिकाको शिवपुर, चन्द्रौटा, बाणगङ्गा नगरपालिकाको मोतीपुरलगायतका स्थानमा व्यावसायिक तरकारी खेती हुँदै आएको कार्यालयले जनाएको छ।

जिल्लाको उत्तरी क्षेत्रमा बजारीकरण भएको कारण किसानले उत्पादन गरेको तरकारी सजिलै बिक्री हुने गरे पनि दक्षिणी क्षेत्रका किसान मर्कामा पर्ने गरेका छन् । भारतीय सीमाबाट दैनिक भित्रने तरकारीले बजार ढाक्दा नेपाली किसान मर्कामा परेका हुन् । भारतको भन्दा नेपालको तरकारी महँगो हुने किसान बताउँछन् ।

"उत्पादन लागत बढ्दा स्वभाविक बेच्दा महँगो पर्छ, भारतबाट आउने तरकारी तुलनात्मकरूपमा सस्तो पर्छ, तौलिहवाका तरकारी किसान राम गुप्ता भन्नुहुन्छ", "यसले गर्दा हामी मर्कामा छौँ ।" यहाँ सडकको राम्रो पहुँच नहुँदा पनि दक्षिणी भेगका किसान मर्कामा पर्ने गरेका छन् ।रासस

# चामलसहित ट्रक नियन्त्रणमा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सीमावर्ती नाकाहरुबाट चामलको समेत तस्करी हुन थालेको पाइएको छ । प्रहरीले भारतीय बजारबाट खरिद गरी अवैध रुपमा भित्र्याइएको २ सय बोरा चामल नियन्त्रणमा लिए पछि चामलको पनि तस्करी हुन थालेको प्रष्ट भएकोछ।

मंगलबार राति १० बजे तिर सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-९ हनुमाननगर बजारमा भारतीय बजारबाट भन्सार छली मे १ ख ३३९७ नम्बरको ट्रकमा लोड गरी ल्याउँदै गरेको २ सय बोरा चामल सहित ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालयबाट खटेको डिएसपी नरेश कुमार सिंह नेतृत्वको टोली तथा इलाका प्रहरी कार्यालय हनुमाननगरको संयुक्त टोलीले ट्रकसहित चामल नियन्त्रणमा लिएको हो । डिएसपी सिंहले अवैध रुपमा चामल भित्र्याउने ट्रकचालक सुनसरीगढी गाउँपालिका-२ का ३२ वर्षीय देव कुमार चौधरीलाई समेत पक्राउ गरेको जानकारी दिए ।

ट्रकसहित बरामद गरिएको चामलको कुल १४ लाख मूल्याङ्कन गरिएको तथा आवश्यक कारबाहीका लागि तिलाठी स्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

विगतमा भारतीय सीमा नाका हुँदै थोरै परिमाणमा पान मसाला र किरानाका समान अवैध रुपमा भित्र्याउने गरिएकोमा केही दिन यता चामलको समेत तस्करी हुन थालेको खबर आएपछि निगरानी बढाइएको प्रहरीले जनाएको छ।

# अतिथि सत्कार तालिम

**रञ्जन यादव**



सिमरा। बाराको सिमरामा एक दिने रिफ्रेसिङ्ग होटल व्यवस्थापन तथा अतिथि सत्कार तालिम सम्पन्न भएको छ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) को सहकार्यमा र नेपाल पर्यटन तथा होटल व्यवसायी संघ बाराको आयोजनामा तालिम सम्पन्न भएको हो।

तालिममा नाथमका सहजकर्ता सन्तोष मिश्र र निरज सुवेदीले प्रशिक्षण दिएका थिए।

होटल व्यवसायी संघले ध्यान दिनुपर्ने कुरा ,होटलको संरचना , ग्राहकसँग गर्नुपर्ने व्यवहार ,कार्यको विभाजन लगायतको बिषयमा प्रशिक्षण दिइएको होटल तथा पर्यटन व्यवसायी संघ बाराका अध्यक्ष अर्जुन लम्सालले जानकारी दिए । औपचारिक पर्यटन तथा होटल व्यवसायी संघ बाराका अध्यक्ष लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका महासचिव तथा जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछाने सहितको सहभागिता रहेको थियो।

# सरकारको ध्यान समृद्ध नेपाल- मुख्यमन्त्री अधिकारी

लेखनाथ। गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले जुनसुकै सरकार गठन भए पनि समृद्ध नेपाल बनाउन सकिएन भने त्यो सरकारको कुनै अर्थ नरहने बताउनुभएको छ।

युनाइटेड क्लबद्वारा पोखराको अमरसिंह चौरमा आयोजित ११ औँ संस्करणको महोत्सवको बुधबार उद्घाटन गर्दै मुख्यमन्त्री अधिकारीले त्यस्तो कुरा बताउनुभएको हो। आम नेपालीको चाहना समृद्ध नेपाल भएकाले अबको सरकार समृद्धितर्फ अगाडि बढ्न जरुरी भएको भनाइ उहाँको छ।

रोजगारीको अवसर खोज्दै लाखौँ युवा विदेशिने गरेको भन्दै उहाँले उनीहरूलाई जोजगारीको सिर्जना नेपालभित्र नै गर्नेतर्फ तीनै तहको सरकार लाग्नुपर्नेमा जोड दिनुभयो । सरकारले आफ्ना कार्यक्रम बनाउँदा युवा लक्षित हुनुपर्ने भनाइ उहाँको छ । नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक देश भएकाले यहाँ हुने महोत्सवले सांस्कृतिकरूपमा ठूलो महत्त्व राख्ने बताउँदै मुख्यमन्त्री अधिकारीले महोत्सवको सफलताको कामना गर्नुभयो।

कोरोनाले थला परेको अर्थतन्त्र यस्ता मेला महोत्सव सञ्चालन हुँदा केही मात्रामा भए पनि अर्थतन्त्र चलायमान हुने विश्वास उहाँले व्यक्त गर्नुभयो । "आज राष्ट्रिय एकता दिवस, पृथ्वीनारायण शाहले राष्ट्रलाई एक बनाएको दिन, सरकारले पनि सार्वजनिक बिदा दिएको छ', मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "राष्ट्रनायक पृथ्वीनारायण शाहलाई सबैले सम्झनुपर्ने बताउनुभयो।'

बुधवारदेखि सञ्चालन हुने उक्त महोत्सव माघ ८ गतेसम्म सञ्चालन हुनेछ । युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विभिन्न व्यक्तिले आफ्ना भनाइ राख्नुभएको थियो। महोत्सवको उद्घाटनअघि यस क्षेत्रका विभिन्न सङ्घसंस्था तथा टोल तथा आमा समूहले झाँकीसहित बजार परिक्रम गरेका थिए ।रासस

# 'पृथ्वीनारायणको योगदानप्रति विवाद गर्नु आवश्यक छैन'



काठमाण्डु । उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले राष्ट्रनिर्माण पृथ्वीनारायण शाहबाट भएको भूमिका बारेमा कसैले विवाद गर्नुपर्ने अवस्था नरहेको बताउनुभएको छ।

तीन सय एकऔं पृथ्वीजयन्तीका अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) द्वारा बुधबार यहाँ आयोजित चियापान कार्यक्रमा उहाँले राज्य विस्तारकै क्रममा वस्तुगत तहमा नेपालको भूभागको पुनः एकीकरण उहाँमार्फत भएको उल्लेख गर्नुभयो। उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "पृथ्वीनारायणको योदानलाई सम्मान गर्दै सरकारले आजको दिनलाई बिदा दिने कार्यले ऐतिहासिक महत्त्व स्थापित भएको छ।

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पृथ्वीनारायणको योगदानका विषयमा कुनै विवाद नै नरहेको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, "आफूले पहिलेदेखि भन्दै आएको विषय हो, नयाँ मान्यता बोकिएको होइन, राष्ट्रका विभूतिमध्ये उहाँ एक हुनुहुन्छ । जसले विदेशीसँग लडेर आफनो भूमि रक्षा गर्‍यो, आधुनिक नेपाल निर्माणमा भूमिका खेल्यो, त्यसको योगदान बिर्सने कुरै आउन्न, उहाँको शालिक तोडफोड हुँदा त्यस बेला विरोध गर्ने मै हुँ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्र बनाउन र बचाउन राष्ट्रिय एकताको आवश्यकता रहेको आफूले भन्दै आएकामा अहिले त्यो अभ्यासमा मुलुक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मुलुकलाई एकीकरण गरेर नेपाली भन्न राष्ट्रनिर्माता पृथ्वीनारायण जन्मजयन्ती मनाउनु हाम्रा लागि खुसी र गौरवको विषय हो । औपचारिकता पूरा गर्न मात्र यो दिवस मनाउने होइन, साँच्चिकै राष्ट्रलाई एकताबद्ध बनाएर मुलुक निर्माण गर्नुछ । मुलुकमा अति दलबन्दी भएको उल्लेख गर्दै नेता पौडेलले भन्नुभयो, "निमुखाले न्याय, विपन्नले आय पाउन सक्ने स्थिति भएको छैन, त्यसका लागि अहिले राष्ट्रिय एकताको खाँचो छ, पृथ्वीनारायणको मुख्य कुरा घुस लिने र दिने सबै राज्यका शत्रु हुन भन्ने छ, त्यसैले सबै मिल्ने हो भने सुशासन हुन्छ। रासस

# अयोध्या लैजान कालीगण्डकीको शिलाको नापजाँच

म्याग्दी । कालीगण्डकी नदीको शिला हिन्दूहरुको धार्मिकस्थल भारतको अयोध्या लगिने भएको छ । मुस्ताङको दामोदरकुण्डबाट बगेर आउने कालीगण्डकी हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको रुपमा पुज्ने शालिग्राम शिला पाइने नदी हो। कालीगण्डकीलाई हिन्दू धर्मावलम्बीले कृष्णागण्डकीको रुपमा पनि चिन्ने गर्दछन्।

भारतको अयोध्यामा निर्माण हुन लागेको राम मन्दिरमा मुर्ति बनाएर राख्नका लागि पहिचान भएको दुई थान शिलाको बुधबार नापजाँच गरिएको छ । भारत सरकारको प्रस्ताव र नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकको निर्णय अनुसार अयोध्यामा कालीगण्डकीको शिला पठाउने प्रक्रिया अन्तिम चरणमा पुगेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो।

सङ्घीय सरकारले गण्डकी प्रदेश सरकारमार्फत बेनी नगरपालिकालाई शिला उपलब्ध गराउन पत्राचार गरेको थियो, उहाँले भन्नुभयो, "बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानदेखि तीन किलोमिटर उत्तर गलेश्वरसम्म करिब दश दिन लगाएर शिलाको अध्ययन र पहिचान भएको थियो।

प्रदेश सरकारको शिक्षा, विज्ञान तथा संस्कृति मन्त्रालयका उपसचिव भोजराज न्यौपानेको नेतृत्वमा राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कज, पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस पोखराका उपप्राध्यापक नवराज न्यौपानेसहितको टोलीले बेनी नगरपालिका-६ र ८ वडाको सिमानामा पर्ने रातो पहिरोमा पहिचान भएको दुई शिलाको नापचाँच गरेको हो।

एउटा १५-१६ मेट्रिक टन र अर्को ११-१२ मेट्रिक टन अनुमानित तौल भएको शिलाको नापजाँच भएको छ, उपप्राध्यापक न्यौपानेले भन्नुभयो, जैविक र वातावरणीय असर नपुग्ने गरी शिला उठाएर ट्रकमा राख्ने क्रेन मगाएका छौँ। कालीगण्डकी नदीबाट पवित्र बनेका सात फिट लम्बाइ र पाँच फिट चौडाइका दुई थान शिलाको पहिचान गरिएको थियो।

उपसचिव न्यौपानेले उक्त शालिग्राम बेनी नगरपालिका र गण्डकी प्रदेश सरकारले जनकपुरमा लगेर मधेस प्रदेश सरकारलाई हस्तान्तरण गर्ने र त्यहाँबाट अयोध्या लगिने बताउनुभयो। साइत जुराएर धार्मिक विधिअनुसार पूजाआजा र बाजा बजाएर बेनीबाट शिलाको बिदाइ गरिने नगरपालिकाले जनाएको छ।

धार्मिक हिसाबले महत्वपूर्ण भएकाले कालीगण्डकीको शिला अयोध्या लैजान लागिएको हो । शालिग्राम पाइने कृष्णागण्डकीको किनारमा रहेकाले देवशिला भनिएको हो । कालीगण्डकीको शिला अयोध्यामा पुग्याउँदा यहाँको धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने कृष्णागण्डकी नदीका अध्येता कुलराज चालिसेले बताउनुभयो।

संस्कृति तथा पर्यटन मन्त्रालयले जनकपुरधाम र अयोध्याधामबीच सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउन तथा नेपालको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने भन्दै दुई थान शिला उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेको थियो।रासस

# साम्राज्ञीसँग जीतुको जोडी

काठमाण्डु। हास्यकलाकार तथा अभिनेता जीतु नेपाल र अभिनेत्री सम्राज्ञी राज्यलक्ष्मी शाहको अभिनय रहेको फिल्म 'ह्यारीकी प्यारी' आगामी माघ २० मा प्रदर्शन हुँदैछ। यसै फिल्मको जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो जोडी अभिनेत्री शाहसँग नयाँ देखिएको बताउनुभयो।

"अभिनेत्री शाहसँग बाँधिएको जोडी धेरैलाई सहज थिएन, यद्यपि हामी कथावस्तुमा ठिक छौँ", नेपालले भन्नुभयो, "हास्यकलाकारको रूपमा स्थापित परिचयलाई बदल्दै कलाकार बन्न चाहन्छु, यसमा मैले आफ्नो कलाकारिता देखाउने अवसर पाएँ।" अभिनेत्री शाहले स्क्रिप्ट पढेपछि अभिनेता नेपालको नाम सुन्दा आश्चर्य लागेको बताउनुभयो।

"मैले जोडी थाहा पाउँदा केही भन्नै सकिन्, तर कथाअनुसार हामीलाई कास्टिङ गरिएको थियो, त्यसैले म फिल्म गर्न तयार भएँ", शाहले भन्नुभयो, "कथा र पात्रले मलाई फिल्मसँग जोडिन आकर्षित गर्छ।"

उहाँले अभिनय गर्नुभएको यो पहिलो रोमान्टिक कमेडी अर्थात् रमकम फिल्म हो। अभिनेता नेपालले केही फिल्म, टेलिफिल्ममा काम गरे पनि मुख्य भूमिकामा अभिनय गर्नुभएको यो पहिलो फिल्म हो। हरि नामक पात्र कसरी ह्यारी बन्छ र जीवनको सपना पूरा गर्छ भन्ने सङ्घर्षलाई फिल्ममा देखाइने निर्देशक डा कपिल रिजालले बताउनुभयो।

उहाँ डा भोला रिजालको पुत्र हुनुहुन्छ। "केही वर्षको सिकाइ र प्रतीक्षापछि निर्देशनमा पाइला टेकेको छु, म हाम्रो कला र संस्कृतिलाई अन्य भाषामार्फत विश्वभर लैजाने सोचमा छु", निर्देशक रिजालले भन्नुभयो । फिल्म नेपालीसहित हिन्दी, बङ्गाली, पञ्जाबी र मराठी भाषामा समेत प्रदर्शन हुने भएको छ । बिआर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको फिल्ममा अन्य कलाकारमा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समीक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको अभिनय रहेको छ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : शिक्षामा उन्नति। |
| वृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मधेश प्रदेशको मुख्यमन्त्रीमा चयन भएपछि सञ्चारकर्मीहरु संग कुराकानी गर्दै जनता समाजवादी पार्टीका नेता सरोजकुमार यादव । तस्विर : टुडे

# पृथ्वी जयन्तीमा र्‍याली

**सिकेन्द्र पासवान**

कलैया । राष्ट्र निर्माता पृथ्वी नारायण शाहको ३०१ औं जन्मजयन्ती एवम राष्ट्रिय एकता दिवस बाराको कलैयामा सम्पन्न भएको छ । सो अवसरमा राष्ट्रवादी मोर्चाका विभिन्न संघसंगठनहरुले पृथ्वीनारायण साहको तस्विरमा माल्यार्पण गरी दिवस मनाएका छन् ।



नेपाललाई एकीकरण गर्ने अभियानमा पृथ्वीनारायण शाहको अथक मेहनत एवम् परिश्रम रहेको भए पनि पछिल्लो समयमा पुस २७ गते विदा नदिने गरेका कारण उनले गरेको योगदान बिर्सने अवस्थामा मात्र पुगेका थिएन् सम्झने काम पनि बन्द भएको थियो। तर प्रचण्डको सरकारले पुस २७ गते पृथ्वी जयन्तीको अवसर पारेर विदा दिएको हुँदा देशभरी नै उनलाई सम्झने राष्ट्रवादीहरु सक्रिय भएका छन् ।

राष्ट्रवादी संयक्त मोर्चा र नेपाल राष्ट्रवादी संगठनको संयुक्त आयोजनामा र्‍यालीसहित कोण सभा गरी स्व. पृथ्वी नारायण शाहलाई स्मरण गरेका थिए । संयुक्तमोर्चाका नेमीलाल पटेल, राष्ट्रवादी संघका अध्यक्ष वृजकिशोर साहले कोणसभामा पृथ्वी नारायण शाहको योगदानको बारेमा चर्चा परिचर्चा गरेका थिए ।

# शहीद गेटमा सरसफाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । ३०१औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा बुधबार जनकपुरधाम स्थित शहीद गेटमा सरसफाइ गरिएको छ ।

सरसफाइ अभियानी धीरेन्द्र साहको अगुवाइमा भएको सो सरसफाइ कार्यक्रममा महिला तथा बालबालिकाको उल्लेख्य सहभागिता रहेको थियो । आफ्नो वरपरका क्षेत्रमा बढेको फोहोरले संरक्षणमा असर गरेपछि स्थानीय संघसस्थाहरु सरसफाइमा जुटेका छन् । जथाभावी फालिएका फोहोरले मानव स्वास्थ्यमा गम्भीर असर गरिरहेको अवस्थालाई दृष्टिगत गर्दै सरसफाइ गरिएको छ ।

प्लास्टिकजन्य फोहोरले शहीद गेट क्षेत्र कुरुप र दूषित भएकाले सरसफाइ गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा पत्रकार महासंघ मधेश प्रदेशका उपाध्यक्ष ज्योति झा, सरसफाइ अभियानी धीरेन्द्र साह, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीप बहादुर क्षेत्री, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत रेखा दत्त, धनुषा जिल्ला अदालतका अधिकृत विष्णु भट्टराई, उच्च अदालत जनकपुरका अधिकृत शुभा महतो, सरसफाइ अभियानी रुबी झा, सञ्चारकर्मीआरती मण्डल, सहकारी संघ सिरहाका जिल्ला अध्यक्ष र काव्या हस्पिटलको चिकित्सक लगायतका टीमको सहभागिता रहेको थियो ।

# कनकाई र कचनकबलले बनाए राष्ट्रनिर्माता पृथ्वीनारायणको सालिक



झापा । झापाको कनकाई नगरपालिका कार्यालय प्रवेश गर्दै हुनुहुन्छ भने सबैभन्दा पहिला 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन' भन्ने दिव्योपदेश दिने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिकले तपाईँको ध्यान आकर्षित गर्नेछ ।

कनकाई-१ स्थित पूर्वपश्चिम राजमार्गबाट सय मिटर दक्षिणतिर प्रवेशद्वारमा स्थापित पूर्णकदको पृथ्वीनारायणको सालिकले नागरिकलाई एकीकरणकर्ताको योगदानहरूको सुखद् स्मरण गराउने राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका अध्यक्ष केशव ओझा बताउनुहुन्छ ।

"कनकाई नगरपालिकामा धेरैपटक पुगेको छु, मलाई ढोकैमा नेपालको एकीकरणकर्ता पृथ्वीनारायणको सालिक देख्न पाउँदा गौरवबोध हुन्छ", बिर्तामोडको हिमाली माध्यमिक विद्यालयकोपूर्वप्रधानाध्यापकसमेत रहिसक्नुभएका ओझा भन्नुहुन्छ, "सङ्घीय सरकारले भर्खर राष्ट्रिय बिदा दिनुपर्ने जनस्तरको मागलाई स्वीकार गर्दैछ । तर कनकाई नगरले आफ्नै विवेकले राष्ट्रनिर्माताको पहिल्यै यथोचित सम्मान गर्‍यो ।"

कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले राष्ट्रनिर्माता पृथ्वीनारायणलाई राजमार्गमा हिँड्ने हरेक यात्रीले देखुन् र सम्मान अर्पण गर्न सकुन् भनेर नगरपालिका जाने प्रवेशद्वारमै सालिक स्थापना गरिएको बताउनुभयो ।

"कम्युनिष्ट आस्था बोकेका मेयरले किन राजाको सालिक ठड्याएको होला भनेर कतिपयले मलाई ठट्टामा उडाउन खोजे", सालिक स्थापना गर्दाको कथा सुनाउँदै नगरप्रमुख पोखरेल भन्नुहुन्छ, "दलीय आस्था हरेक व्यक्तिको फरक हुनसक्छ, तर यो देशको एकीकरणको नेतृत्व गर्ने महान् व्यक्तित्व पृथ्वीनारायण शाह सबै नेपालीका लागि उत्तिकै सम्मानित हुनुहुन्छ ।"

पुस २७ गते राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जयन्ती पर्दछ भने सो दिनलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउने गरिन्छ । गत वर्ष यही दिवस पारेर कनकाई नगरपालिकाले सालिकको अनावरण गरेको थियो । नगरपालिकाको बोर्ड बैठकमा नगरप्रमुख पोखरेलले सालिक निर्माणको प्रस्ताव विसं २०७७ मै लैजानुभएको थियो । उहाँ यसपटक दोस्रो कार्यकालका लागि नगरप्रमुख निर्वाचित हुनुभएको हो ।

"मैले पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभएको हुँदा उहाँको सम्मानमा एउटा सालिक बनाउनुपर्छ भनेर नगर बोर्डमा प्रस्ताव लैजाँदा सबैले समर्थन गर्नुभयो", उहाँले भन्नुभयो, "बोर्डका साथीहरूसँग बाहेक जनजाति सङ्गठन र नगरभित्रका राजनीतिक दलहरूसँग पनि सल्लाह गरेका थियौँ, सबै सकारात्मक हुनुभयो ।"

नगरपालिकाले पृथ्वीनारायण शाहको सालिक निर्माणका लागि रु सात लाख बजेट विनियोजन गरेको थियो । झापाका मूर्तिकार हिम्मत नेम्वाङले मोरङको मिक्लाजुङबाट ल्याइएको एउटै ढुङ्गामा पृथ्वीनारायण शाहको उक्त सालिक कुँद्नुभएको हो ।

नगरको यो सालिक अहिले पर्यटकीय आकर्षणको केन्द्र बनेको छ। नजिकैको जामुनखाडी, हेप्पील्यान्ड, धनुषकोटीधाम, कोटीहोम र दोमुखामा घुमघामका लागि आउने आन्तरिक पर्यटक सालिकमा रोकिएर सेल्फी फोटो खिचाउने गर्छन् । यसपालि कनकाई नगरपालिकाले 'पृथ्वीनारायण शाह र आधुनिक नेपाल' विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको नगरका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार न्यौपानेले जानकारी दिनुभयो ।

नगरभित्रका विद्यालय प्रतियोगितामा सहभागी थिए । आफ्नै बजेटमा पृथ्वीनारायण शाहको सालिक बनाउने कनकाई नगरपालिका नेपालकै पहिलो पालिका भएको उहाँले दाबी गर्नुभयो । झापाको कचनकबल गाउँपालिकाले समेत वडा नं ५ पाठामारीमा पृथ्वीनारायण शाहको पूर्णकदको सालिक निर्माण गरेको छ । पूर्वअध्यक्ष अन्जार आलमले वडा कार्यालयले जग्गाको व्यवस्था मिलाएपछि पालिकको रु छ लाख बजेटबाट सालिक निर्माण गरिएको जानकारी दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट निर्वाचित पूर्वअध्यक्ष आलमले पार्टीले नै पृथ्वीनारायण शाहलाई राष्ट्रिय एकताको प्रतीक र राष्ट्र निर्माताको रूपमा सम्मान गर्ने नीति लिएको हुँदा सालिक बनाइएको बताउनुभयो। आदिवासी राजवंशी र मुस्लिम धर्मावलम्बीको बाहुल्य रहेको कचनकबलमा निर्मित पृथ्वीनारायण शाहको सालिकमा हरेक वर्ष पुस २७ गते विशेष कार्यक्रमको आयोजना हुने गरेको छ ।

झापाको अर्को गाउँपालिका हल्दिबारीले नेपाल एकीकरणकर्ता पृथ्वीनारायण शाहको योगदानको सम्मानमा बर्सेनि स्थानीय बिदा दिँदै आएको छ । मुलुक सङ्घीयतामा प्रवेश गरेपछि नेपालमै पहिलोपटक हल्दिबारीले पृथ्वी जयन्तीमा बिदा दिने परम्पराको थालनी गरेको पालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनले बताउनुभयो । विगत वर्षदेखिको यो बिदाको परम्परा यसपालि पनि कार्यान्वयन भइरहेको छ ।

पालिकाका अध्यक्ष लिङ्देनले आफ्नो कार्यकक्षमा विगत पाँच वर्ष अघिदेखि नै पृथ्वीनारायण शाहको तस्वीर राख्दै आउनुभएको छ। पुस २७ गते स्थानीय बिदा दिने निर्णय उहाँले सुरुआत गरेपछि झापाको कचनकबल र गौरीगञ्जमा समेत स्थानीय बिदा दिने गरिएको थियो ।

कार्यकक्षमा राष्ट्रनिर्माताको फोटो राख्ने हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन यसअघि र अहिले पनि राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि हुनुहुन्छ । नगरपालिकाको प्रवेशद्वारमा सालिक राख्ने कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेल पनि दुवै कार्यकाल नेकपा (एमाले) बाट निर्वाचित जनप्रतिनिधि हुनुहुन्छ ।रासस

# सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका समस्या

काठमाण्डु । सुन्दरहरैचा-१० मोरङका हिमाल गुरागाईं अहिले काठमाडौँ नक्सालस्थित केन्द्रीय बहिरा क्याम्पसमा स्नातक अन्तिम वर्षमा अध्ययन गर्नुहुन्छ । सुनाइसम्बन्धी अपाङ्गता गुरागाँलाई १२ कक्षा सकेपछि सूचना प्रविधि वा वाणिज्य अध्ययन गर्ने इच्छा थियो । तर ती विषय बहिरा क्याम्पसमा थिएन ।

"हाम्रो क्याम्पसमा एउटा मात्र पाठ्यक्रम छ, म सूचना प्रविधि वा लेखा पढ्न चाहन्थेँ तर हाम्रो क्याम्पसमा कुनै प्रावधान छैन, साङ्केतिक भाषा दोभाषेको अभावले गर्दा मैले क्याम्पसमा भर्ना हुन सकिन" उहाँले भन्नुभयो । साङ्केतिक भाषासम्बन्धी लाखभन्दा बढी शब्द र झण्डै पाँच हजारभन्दा बढी साङ्केतिक भाषाका शब्द रहेको सन्दर्भमा अन्य क्याम्पसमा सिमितताको कारणले गर्दा आफ्नो अध्ययनमा समस्या भइरहेको उहाँको भनाइ छ ।

"मेरो गाउँ नजिकै सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिले अध्ययन गर्ने क्याम्पस नभएको कारणले गर्दा काठमाडौँमा पढ्नुपर्ने भयो", उहाँले भन्नुभयो, "गरिब परिवारका सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई काठमाडौँमा बस्न गारो हुनसक्छ र हाम्रो लागि छात्रवृत्ति नहुँदा समस्या भएको छ ।"

अमेरिका वा अन्य देशमा सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीको लागि सूचना प्रविधि वा कम्प्युटर विज्ञान अध्ययन हुने विश्वविद्यालय भए पनि नेपालमा कुनै सुविधा नभएको उहाँको गुनासो छ। अनुभवी शिक्षक नहुँदा सूचना प्रविधि र लेखा विषय पढाइ हुन नसकेको उहाँको बुझाइ छ ।

"सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई राम्रोसँग बुझ्नको लागि, शिक्षकलाई राम्रो अनुहारको अभिव्यक्ति र राम्रो साङ्केतिक भाषा कौशल चाहिन्छ, तर विद्यालयमा यो उल्टो छ, विद्यालयमा नौ वटा विषय छन्, एउटा विषय ४५ मिनेटमा पढाउनुपर्छ तर तथ्य के हो भने करिब ९० प्रतिशत विद्यार्थीले त्यसलाई बुझ्दैनन् र राम्रोसँग बुझ्न केही समय लाग्न सक्छ", उहाँले भन्नुभयो ।

हालको पाठ्यक्रम सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका लागि कठिन भएको र ती विद्यार्थीका लागि फरक पाठ्यक्रम हुनुपर्ने गुरागाईंले बताउनुभयो । हिमालले मात्रै होइन, सोही क्याम्पसमा अध्यनरत रविता देउडाको पनि उस्तै छ समस्या । हिमालले जस्तै रविताले पनि सुनुवाइसम्बन्धी अनुभवी शिक्षक र दोभाषेको अभावलगायत विविध समस्या भोग्नु परेको छ । विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपाङ्ता भएका बालबालिकाको पहुँचमा २२ वटा विशेष विद्यालय तथा एक सय ७४ वटा स्रोत कक्षासहितको एकीकृत विद्यालय सञ्चालनमा छन् ।

राष्ट्रिय बहिरा महासङ्घका अनुसार ती विद्यालयमा ६ हजार तीन सय ८० जना सुनाइसम्बन्धी अपाङ्ता भएका तथा दुई सय चारजना श्रवण दृष्टिविहीन विद्यार्थी अध्ययनरत रहेका छन् । तर ती विद्यालयमा सिकाइ सहजीकरण गर्ने शिक्षकमा साङ्केतिक भाषाको ज्ञान नभएको कारणले सुनाइसम्बन्धी अपाङ्ता भएका बालबालिकालाई सिकाइमा समावेश गर्न कठिनाइ भइरहेको छ । दुई प्रकारका अपाङ्गतामध्ये श्रवण दृष्टिविहीन बालबालिकाले सुन्न र देख्न नसक्ने वा कम मात्र सुन्न र देख्न सक्ने भएकाले उनीहरूलाई स्पर्श, स्वाद, गन्ध र बासना र चालको माध्यमबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषा र द्वैभाषीय विधिबाट सिकाइ सहजीकरण गर्न आवश्यक हुन्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा अठासी हजार सात सय ४३ जनामा सुनाइसम्बन्धी अपाङ्गता भएको पाइन्छ । उक्त तथ्याङ्कमा सुनाइसम्बन्धी अपाङ्गता, सुस्तश्रवण तथा श्रवण दृष्टिविहीन भएका व्यक्तिको पनि गणना गरिएको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको शिक्षाका लागि नेपालको संविधान २०७२ ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन हुने व्यवस्था गरेको छ ।

साथै, सुनाइसम्बन्धी अपाङ्गता तथा स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ । संविधानको धारा ३२ ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने पनि उल्लेख गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन भने हुनसकेको छैन । संविधानको अनुसूची ८ को बुँदा नं ७ मा आधारित र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ । संविधानले नै आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क हुने, माध्यमिक शिक्षा निःशुल्क हुने र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले सुनाइसम्बन्धी अपाङ्गता भएका, सुस्तश्रवण, तथा श्रवणदृष्टिविहीन भएका व्यक्तिलाई उपयुक्त भाषा, लिपी, तरिका, पाठ्यक्रम, पाठ्यपुस्तकलगायत पहुँचयुक्त सूचना प्रविधिको प्रयोगबाट शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने उल्लेख गरेको छ । सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरतासमेतका आधारमा तोकिएबमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधासहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन परीक्षा र मूल्याङ्कन प्रणालीमा छुट्टै व्यवस्था गर्ने, अपाङ्गतामैत्री शैक्षिक सामग्री तथा विद्यालय भवन तथा भौतिक संरचनाको निर्माण गर्ने व्यवस्था गरेको छ । तर पनि उच्च शिक्षाको आधारशीलाको रूपमा रहेको विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको पहुँच तथा सिकाइमा सहभागिता तथा सिकाइ उपलब्धि कमजोर भई उनीहरूको सिकाइ गुणस्तरीय हुनसकेको छैन ।

निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले पनि सरकारले निर्धारण गरेबमोजिमका निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउने व्यवस्था गरेपनि कार्यान्वयनमा समस्या छ । सोही ऐन तथा नियमावली २०७७ मा पनि सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई पनि स्नातक तहसम्म अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको छ । चिकित्सा शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले पनि चिकित्सा क्षेत्रमा १० प्रतिशत छात्रवृत्ति सीमान्तकृत समुदायलाई दिनुपर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, अनिवार्य र निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई उनीहरूको सिकाइ आवश्यकताअनुसार पाठ्यक्रम तथा शैक्षणिक क्रियाकलापमा अनुकूलन गरी सिकाइ सहजीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

महासङ्घले सुनाइसम्बन्धी अपाङ्गता भएको व्यक्तिको माध्यम भाषा, साङ्केतिक भाषामा शब्द भण्डार तथा व्याकरणको पर्याप्त विकास हुनुपर्ने, मूलप्रवाहका विश्वविद्यालयमा साङ्केतिक भाषाका दोभाषेको व्यवस्था हुनुपर्ने, विद्यालय तथा विश्वविद्यालयमा स्वीकार्यता, स्वागत तथा सिकाइ सहयोगको वातावरण हुनुपर्ने, समावेशी संस्कृतिको विकास हुनुपर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको पहुँच हुनुपर्ने माग गर्दै आएको छ ।

**महासङ्घले सुनाइसम्बन्धी अपाङ्गता भएको व्यक्तिको माध्यम भाषा, साङ्केतिक भाषामा शब्द भण्डार तथा व्याकरणको पर्याप्त विकास हुनुपर्ने, मूलप्रवाहका विश्वविद्यालयमा साङ्केतिक भाषाका दोभाषेको व्यवस्था हुनुपर्ने, विद्यालय तथा विश्वविद्यालयमा स्वीकार्यता, स्वागत तथा सिकाइ सहयोगको वातावरण हुनुपर्ने, समावेशी संस्कृतिको विकास हुनुपर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको पहुँच हुनुपर्ने माग गर्दै आएको छ ।**

विश्वमा १३८ वटा साङ्केतिक भाषा प्रयोगमा रहेका छन् र त्यसलाई ३०० फरक तरिकाले प्रयोग गर्ने गरिएको छ। सन् १९९२ मा विश्वमा पहिलो पटक साङ्केतिक भाषालाई मान्यता प्रदान गरिएको थियो । हालसम्म ६१ देशले संविधान, ऐन, नियमावलीमा साङ्केतिक भाषालाई मान्यता प्रदान गरेका छन् । भाषा आयोगले साङ्केतिक भाषालाई प्रवर्द्धन गर्न सरकारलाई सिफारिस गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाको माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा व्यवस्थापन सहयोगको व्यवस्था छ। विद्यालय शिक्षाका ऐनमा गरिएका पाठ्यक्रम अनुकूलनसम्बन्धी व्यवस्था कार्यान्वयन हुनसकेको छैन् ।


महासङ्घका महासचिव सन्तोष केसीका अनुसार स्थानीय सङ्केत फरक-फरक हुनु र सङ्केत गर्दा शब्द भण्डारको प्रयोग नहुनु, परिणामस्वरुप वक्ताले विषय सङ्केत गर्दा फरक सन्देश जानु र सिकाइमा सुनुवाइसम्बन्धी समस्या सिर्जना हुने गरेको बताउनुहुन्छ । काठमाडौँको नक्सालस्थित बहिरा उच्च माध्यमिक विद्यालयका शिक्षक ऋषिराम देवकोटाले साङ्केतीकरण गरिएका शब्द उच्च शिक्षाका लागि अपुग भएको बताउँदै बनेका कतिपय शब्दलाई अर्थपूर्ण बनाउनुपर्नेमा जोड दिनुभयो ।ठाउँअनुसार शब्द सङ्केतमा विचलन हुन नहुने, साङ्केतिक भाषा शब्दकोश प्रयोग गर्ने बानी बसाल्नुपर्ने, शब्दकोशभित्र स्पष्ट सांकेतिक चित्र राख्नुपर्ने उहाँको भनाइ छ ।

गणित, विज्ञान र सामाजिक अध्ययनलगायतका विषयमा सङ्केत अत्यन्त कम भएको पाइन्छ। साङ्केतिक भाषालाई मात्र शिक्षण सिकाइको विधिका रूपमा ग्रहण गरिनु, दृष्य सामग्री तथा प्रविधिको प्रयोग र अनलाइन सिकाइ सामग्रीको प्रयोग गरी सिकाइ गर्ने परिपाटी पनि अत्यन्त न्यून देखिन्छ । नेपालमा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको शिक्षालाई अधिकारको रूपमा स्वीकार गरी सकिएको भए तापनि समाजमा उनीहरूलाई हेर्ने दृष्टिकोण, समावेशी शिक्षाका लागि आवश्यक पर्ने जनशक्ति र शिक्षक तयार नभएको तथा सिकाइ सहजीकरण गर्ने तत्परता र क्षमताको तथा अभाव भएकाले सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिले गुणस्तरीय शिक्षामा पहुँच पाउन सकेका छैनन् ।

द्विभाषीय तथा फ्लिप सिकाइ पद्दतिको प्रयोग, साङ्केतिक भाषा तथा स्पर्ष सङ्केतको विकासका लागि अनुसन्धान तथा मानक निर्धारण तथा समावेशी सिकाइको प्रयोगबाट सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको सिकाइमा सुधार गर्नुपर्ने देखिन्छ । नेपालले अनुमोदन गरेको अपाङ्गता अधिकार ऐनले साङ्केतिक भाषा सिकाउने, विकास गर्ने तथा व्यावसायिक दोभाषे उत्पादन गर्ने र बहिरा संस्कृतिको प्रवर्द्धन गर्ने उल्लेख गरेको छ ।

नेपालमा २०३७ सालमा काठमाडौं बहिरा सङ्घ तत्कालीन बहिरा क्लबको स्थापनापछि साङ्केतिक भाषाको विकास हुन थालेको हो । सुरूमा इटालीका पर्यटकले बसुन्धारामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको समूह देखेपछि सङ्गठित अभियान सुरू भएको र बहिरा समुदायका अग्रसरमा नै नेपाली साङ्केतिक भाषाको विकास हुन थालेको हो। विसं २०५२ मा पहिलो नेपाली साङ्केतिक भाषा शब्दकोषको प्रकाशन भएपछि हालसम्म सातौं प्रकाशन र चार हजार ७०० शब्द सङ्ग्रह भएको शब्दकोष प्रकाशन भएको छ । सरकारी तबरबाट साङ्केतिक भाषासम्बन्धी कुनै नीति नियम नबन्नु, साङ्केतिक भाषा विकासमा सम्बन्धित मन्त्रालय कुन भन्नेमा अझै अलमल हुनु, सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिमैत्री पाठ्यक्रम बन्न नसक्नु र शिक्षक तालिममा दाताको भर पर्नुपर्ने अवस्था रहेको महासङ्घका अध्यक्ष अधिकारीको गुनासो छ ।

नेपालमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको समुदायमा पहुँच र सिकाइमा सहभागिता कम देखिन्छ । सुनुवाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिमध्ये सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति तथा श्रवण दृष्टिविहीन बालबालिकाको सिकाइ आवश्यकता र सिक्ने शैली फरक-फरक हुने भएकाले शिक्षकले फरक-फरक सिकाइविधि र प्रविधि, सिकाइ सामग्री तथा क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकेमा मात्र यस समुदायका बालबालिकाको पाठ्यक्रममा पहुँच भई पाठ्यक्रमले तोकेका उपलब्धि हासिल हुनसक्दछ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# राजतन्त्र फर्काउने षड्यन्त्र

नेपालको एकीकरण गर्ने राजाको रुपमा पृथ्वीनारायण साहलाई सम्मान गर्ने राजतन्त्र पक्षधरहरु देशमा अझै सक्रिय छन् । नेपालमा गणतन्त्र घोषणा भइसके पनि राजाप्रति आशक्ति भएकाहरु दलगत रुपमा नै संगठित छन् । नेपालमा पृथ्वीनारायण शाहको विषयमा विवाद छ । पृथ्वीनारायण शाह नेपालको प्रथम राजा होइनन् । उनी भन्दा सयौं वर्ष पूर्व नेपालमा राजा थिए । नेपालको पहिलो राजाको रुपमा गोपवंशीले शासन गरेको इतिहास छ । उपत्यकाको डाडा काटेर बसोबास योग्य बनाउने गोपालवंशीहरु नै हुन् । गोपालवंशी शासनमा नेपालको विकास र सीमा विस्तार भएको हो । त्यसपछि यालम्बरले सीमाको विस्तार गरे । पृथ्वीनारायण शाहले नेपालमा शाहवंशीय शासनको सुरुवात गरेका हुन् । उनी विस्तारवादी थिए । कीर्तिपुरका नेवारहरुलाई झुक्याएर उनले आक्रमण गरी काठमाण्डु उपत्यका कब्जा गरेका थिए । शाहवंशको कालमा मधेशबाट काठमाण्डु उपत्यकामा प्रवेश गर्न प्रवेशाज्ञा लिनुपर्ने बाध्यता थियो । थानकोटमा प्रवेशाज्ञाको व्यवस्था गरिएको थियो । १७ हजार बढी मानिसको ज्यान लिने माओवादी जनयुद्ध, र झण्डै दुई सयको सहादत भएको मधेश आन्दोलन लगायतको बलमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको पछिल्लो पटक प्रधानमन्त्री बनेका जनयुद्धका कमाण्डर पुष्पकमल दाहाल प्रचण्डले पृथ्वी जयन्तीको अवसरमा सार्वजनिक विदा घोषणा गरेका छन् । गणतन्त्र घोषणा भएपछि पृथ्वी जयन्तीको विदा हटाइएको थियो । सत्तागठबन्धनमा रहेको जनता समाजवादी पार्टी (जसपा) ले पृथ्वी जयन्ती मनाउन सरकारले विदा दिन गरेको निर्णयको विरोध गरेकोछ । जसपाका अध्यक्ष उपेन्द्र यादवले सार्वजनिक सञ्जाल मार्फत सरकारको निर्णयप्रति कडा आपत्ति जनाएका छन् । देशका जनजाती, आदिवासीहरुले पनि पृथ्वी जयन्तीको विरोध गरेका छन् । हालको सत्ता साझेदार दलहरुमा गणतन्त्रवादी र गणतन्त्र, संघीयता विरोधीहरु छन् । दुबै पक्षधर महत्वपूर्ण र निर्णायक भूमिकामा रहेका छन् । गणतन्त्रवादीहरु राजतन्त्रवादीको तुलनामा निरीह देखिएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रका लागि १७ हजार बढी मानिसको ज्यान जाने आन्दोलनको नेतृत्वकर्ता प्रधानमन्त्री प्रचण्डले संसदमा अपार बहुमत प्राप्त गरेका छन् । सदनमा उपस्थितहरु मध्ये उनको विरोधमा २ जना मात्र देखिए । तर सरकारलाई विश्वासको मत दिने दलहरु मध्ये नै राजतन्त्रलाई पुनःस्थापित गर्नुपर्ने पक्षधरहरुको प्रभाव छ । पृथ्वी जयन्ती मनाउन सरकारले सार्वजनिक विदा घोषणा गर्नु गणतन्त्र विरोधीहरुको दबाब र प्रभाव हो । गणतन्त्रलाई धरापमा पार्ने खेल सुरु भइसकेको छ । राजतन्त्रलाई पुनःस्थापित गरी राजाको शासनको परिकल्पना गर्नेहरुको दलगत रुपमा प्रभाव बढेको छ । गणतन्त्रवादी नेताहरुले समयमै सचेत हुनु आवश्यक छ । राजतन्त्र फर्काउने षडयन्त्र सुरु भएको छ । राजनीतिक अस्थिरताको बेला राजतन्त्र पक्षधरहरुले गणतन्त्रलाई समाप्त गर्न सहज हुन सक्छ । देशमा पुनःराजतन्त्र स्थापना भए संघीयता पनि समाप्त हुनेछ । यसतर्फ सबै सचेत रहौ ।

# प्राचीन जनकपुर : अर्वाचीन जनकपुर



**डा. रामसागर पंडित**

जनकपुर प्राचीनकालदेखि वर्तमानसम्म हिन्दूहरूका लागि मात्र होइन, बोद्ध, जैन लगायत कतिपय अन्य धार्मिक समूहका लागि पनि आस्थाको केन्द्र रहिआएको छ । त्यसैले प्राचीनदेखि अर्वाचीनसम्म यसको कस्तो अवस्था रहेछ, त्यसको संक्षिप्त विश्लेषण यस लेखले गर्न खोजेको छ । बाल्मीकीय रामायण अनुसार जनकपुरको प्राचीन नाम बैजन्त थियो । बैजन्त शब्दको चर्चा देवीभागवतपुराणमा पनि भेटिन्छ । निमिपछि मिथि राजा भए । वहाँले बैजन्त नामलाई परिवर्तन गरी मिथिलापुरी राखेका थिए । मिथिलापुरी आफ्नो नामले नै मिथिलाको राजधानी नगरलाई जनाउँदछ । यो नाम धेरै वर्षसम्म कायम रह्यो । हिन्दूहरूका महान ग्रन्थहरू रामायण, महाभारत तथा पुराणमा समेत यसै नामबाट प्रचलित थियो । प्राचीन कालमा जनकपुरको आकार निकै ठूलो थियो । सीमातिर हेर्दा पूर्वमा कमलादेखि पश्चिममा जलेश्वरसम्म तथा दक्षिणमा गिरिजास्थानदेखि उत्तरमा धनुषाधामसम्म यस क्षेत्रको सीमा थियो । प्राचीन जनकपुरको क्षेत्रफल ३१.२ वर्गमील थियो जो वर्तमान समयमा एउटा सानो क्षेत्रमा खुम्चिएको देखिन्छ ।

धार्मिक दृष्टिकोणले यो नगरी यस्तो पवित्र थियो जसलाई चारै तिरबाट शिवजीले रक्षकको रूपमा रक्षा गरेका थिए । जो यसरी वर्णित छः पूर्वमा शिलानाथ तथा कपिलेश्वरनाथ, दक्षिणमा कल्याणेश्वरनाथ तथा कुपेश्वरनाथ, पश्चिममा जलेश्वरनाथ तथा भैरवनाथ र उत्तरमा जलाधिनाथ तथा क्षीरेश्वरनाथ थिए जो आजपनि विद्यमान छन् । मिथिलाको राजधानीको नाम जनकपुर कहिले पऱ्यो यस बारे विद्वानहरूका भनाइतिर जाँदा, जनकवंशी राजाहरू मध्ये सीरध्वज एउटा महान राजा हुनुभयो । मिथिलाकी राजकुमारी जानकी तथा आयोध्याका राजकुमार रामको विवाहले गर्दा सीरध्वज अझै विख्यात हुनुभयो । मानिसहरू वहाँको वंशीय विशेषणलाई संज्ञाको रूपमा समेत प्रयोग गर्न थालेपछि उहाँ सीरध्वजबाट 'जनक' भएका थिए । यसैबेलादेखि मिथिलापुरीलाई मानिसहरू जनकपुर भन्न थाले । मैथिली साहित्यका महाकवि विद्यापतिले आफ्ना पुस्तक 'भूपरिक्रमामा' जनकपुरलाई अझै उजागर गर्ने काम गरेका थिए । जो सन् १३६० देखि १४५० को अवधि थियो । त्यस बेलादेखि जनकपुर कहिले पनि अँध्यारोमा गएन ।

प्राचीन जनकपुर निकै सम्पन्न तथा बैभवशाली नगर थियो । त्रेतायुगमा जनकपुरको गुनगान निकै उचाइमा पुगेको थियो । यसको तुलना इन्द्रको जयन्तपुरीसँग भएको थियो । यसको गरिमा जनक (सीरध्वज) को समयमा अझ थपभएको थियो । रामको विवाहमा ब्रह्माजी जनकपुर आएका बेला आफूले बनाएका बस्तुहरू कहीं कतै रहेका देखिएनन् अर्थात ब्रह्माले जनकपुरलाई जुनरूपले निर्माण गरेका थिए त्यसभन्दा पनि ज्यादै सुन्दर लागिरहेको थियो । देवतागण पनि जनकपुरलाई हेरेर छक्क परेका थिए । उनीहरू वैदिककालीन आर्यावर्तको सभ्यतासँग जनकपुरको सभ्यतालाई तुलना गरेका थिए । यो ठाउँ जपतप ज्ञानको भूमि बनेको थियो । उत्तर वैदिक कालमा विद्या र कलाको धरोहर बन्न पुग्यो । यजुर्बेदमा पनि जनकपुरको उल्लेख छ । याज्ञवल्क्य जस्ता प्रख्यात दार्शनिक जनकका गुरू थिए । यस्तै अष्टाबक्र, गार्गी, मैत्रेयी, आरूणि जस्ता धुरन्धर ज्ञानीहरू पनि यसै दरबारमा बस्थे । यी महाज्ञानीहरूले जनकसभालाई सुशोभित बनाएका थिए जहाँ दिग्गज विद्वानहरूका बिमर्शबाट ज्ञानको धारा बगिरहेको थियो । देश-विदेशबाट ज्ञानपिपासुहरू जनकसभामा आउँथे र शास्त्रार्थबाट संतुष्ट भएर फर्कन्थे । व्यासपुत्र शुकदेव पनि आफ्ना शङ्का निर्वारण हेतु जनकपुर आएका थिए र जनकको उत्तरबाट तृप्त भएर हँसीखुशी घर फर्केका थिए ।

जनकपुरको पाण्डित्य विदेहमा मात्र सीमित थिएन, पाञ्चाल, कुरू तथा कोशलसम्म पुगेको थियो । यसै मिथिलाको कमलाकाननमा ऋषिहरू न्यायसूत्रहरूका रचना गरेका थिए । यसै कालमा सिरध्वज राजर्षिजनकको नामले प्रसिद्धि पाएका थिए । सीतालाई प्रभुको प्रसाद सम्झेर पुत्रीवत रूपमा पालेका थिए । विश्वामित्र जस्ता महान ऋषि पनि मिथिलाकै पूर्वी क्षेत्रमा आफ्ना सिद्धाश्रम स्थापना गरेका थिए । विश्वाभित्र एउटा युगद्रष्टा ऋषि थिए । उहाँले नै सीतारामलाई पुलको रूपमा प्रयोग गरेर विदेह र कौशललाई मिलाएका थिए । सीता शक्तिस्वरूपा तथा सहनशीलसुशीला नारी थिइन । वहाँ जति पनि कठोर जीवनमा बस्दा कहिले पनि व्याकुल भइनन् । यस्तै साहसी जीवन उहाँले लङ्का र वशिष्ट कुटीमा बिताएकी थिइन् । लाख प्रलोभन र धम्कीको बाबजूद पनि उहाँले नारीजातकी मानसम्मानलाई निरन्तरता दिइ अडिग भएर सामना गरेकी थिइन् । उहाँ एउटा आदर्श छोरी, बुहारी, पत्नी तथा आमा बनेर विश्वलाई एउटा आदर्शताको पाठ सिकाएकी थिइन् । वहाँले घमण्डी रावणको बधका कारक भएर पृथ्वीलाई भयमुक्त गराएकी थिइन् । वहाँ एउटी अटिली नारी भएकीले आफूलाई समेत संकटमा हालेर पनि पतिको अभिष्टलाई पूरा गरेकी थिइन् । लाख त्याग गरे पनि जब नारीको अस्तित्वलाई स्वीकार गर्न नसकेकी देख्दा, स्वयंनै धर्तीलाई सुम्पेकी थिइन् ।



यसैकालमा जनकपुर श्रीरामचन्द्रको ससुरालीको रूपमा पूजित स्थल बन्यो । यहीबाट एउटा नयाँ संस्कृतिको जन्म भयो जो सीताराम संस्कृतिको रूपमा विश्व प्रसिद्ध भयो । आज पनि भक्तजन जनकपुरधाम आउँदा मिथिला र अवधको सम्बन्धलाई यसरी प्रदर्शित गरेका हुन्छन् :

**"कमला बिमला मिथिलाधाम, अवध सरयू सीताराम ।"**

ब्रह्मर्षि वशिष्ट पनि यहाँ आएर याज्ञवल्क्यसँग संवाद गरी जगतगुरूको विद्वताबाट भरपूर संतुष्टि पाएका थिए । द्वापरमा कृष्ण पनि यहाँ आएर जनकपुरको मुरलीसर (पोखरी) मा आफ्नो कर्मयोगको प्रकाश जगाएका थिए । यस्ता आगमनले के देखाउँछ भने जनकपुर यसकालमा पनि राजनीतिक गतिविधिको केन्द्र थियो । अर्कोतिर विदेहसँग कुरूदरबारको पनि बेग्लै रिस्ता थियो । दुर्योधन पुत्र लक्ष्मणका लागि यहाँ त कुस्ती तथा अन्य खेल खेल्ने अखाडा नै बनाइएको थियो । हलधर बलराम पनि यहाँ अतिथिको रूपमा आएका थिए । वहाँ दुर्योधनका गद्दागुरू नै थिए । यस्तै गौतमबुद्ध पनि मिथिला नरेश सुमित्रको पालामा जनकपुर आएका थिए । वहाँ एउटा मध्यमार्गी तथा जातिभेद विरोधी थिए । चिनिया यात्री हुवेनसाङ पनि भारत भ्रमणको क्रममा जनकपुर आएका थिए । यस धर्तीका औतारी पुरूष परशुराम पनि यहाँ आएका थिए । यसरी मिथिला राजनीतिक भूगोलमा एउटा बेग्लै सार्वभौम देश थियो जो आर्यावर्त क्षेत्रमा नै प्रसिद्धि पाएको थियो ।

विद्वानहरूका मतानुसार मिथि वंशका चौवन्न राजा भए । तीमध्ये सिरध्वज बाइसौं थिए । वहाँ राजर्षिजनकको नामले विख्यात भए । लगभग मिथिवंश ईसापूर्व साढे दुई हजार वर्ष शासन गरेका थिए । मिथिलाको अन्तिम राजा कराल थिए । वहाँको कामान्ध करतूतले एउटी कुमारीकन्याको सतित्व भंग गरिदिएकाले जनकपुरको जनता वहाँको विरूद्ध आन्दोलनमा उभिए । यसै आन्दोलनले करालालाई राजमहलबाट तानेर हत्या गरिदिए । मिथिला राजाविहीन भएपछि मगध, पाल, कन्नौज, तुर्कादिले पालै पालो गरी राजगरेका थिए । यसरी बैजन्तपुरी/मिथिलापुरी/जनकपुरका नाम इतिहासको पानामा मात्र सीमित भयो । भुगोलबाट विलीन भए पनि यसका कला, संस्कृति, भाषा, साहित्य, रीतिरिवाज, मूल्यमान्यता, विश्वास तथा परम्परा अहिले पनि जिवितै छन्, जो हामीलाई गौरवान्विन बनाएका छन् ।

आजभन्दा लगभगका साढेतीन सय वर्ष अघि अर्थात १७ औं शताब्दीतिर राजस्थानको लोहागढ निवासी संत सूरकिशोर दासले वर्तमान जनकपुरलाई खोज निकालेका थिए । जंगलै जंगलले भरिएको यस स्थानमा माता जानकीलाई प्रतिष्ठापित गरी पूजा-आर्चा शुरू गरेका थिए । केही दिनपछि यस जंगलमा त मंगल हुन लाग्यो । भक्तजनहरू दूरदराजदेखि ओइरिन लागे । केही अन्तरालपछि वहाँका दुई शिष्य मध्ये प्रयाग दासलाई जानकीको सेवामा तथा चतुर्भुज गिरीलाई रामको सेवामा लगाइए । सूरकिशोर दासको निष्ठाबाट प्रभावित भएर वि.सं. १७८४ (सन १७२८) मा मकवानपुर नरेश मानिक सेनले १,७०० विद्या जमीन बृति (दान) स्वरूप प्रदान गरेका थिए । यस्ता दानबाट जनकपुर अझै बलियो हुँदै आयो । यसरी जनकपुरको ख्याति सुनेर ऋषि, मुनि तथा संतगण जनकपुरदेखि आकर्षित भएर जनकपुरसम्म आवत जावत गर्न थाले । सम्पन्न व्यक्तिहरू आ-आफ्ना गच्छे अनुसार दान दिन थाले । यसरी हामी भन्न सक्छौं कि जुन प्रकारले ईश्वर पृथ्वी, डचहरूले हालैण्ड बनाएका थिए, ठीक उस्तै संतहरूले जनकपुरलाई बनाएको कुरो धार्मिक ग्रन्थहरूमा भेटिन्छन् ।

वर्तमान जनकपुरलाई भौगोलिक रूपले हेर्दा धनुषा जिल्ला अन्तर्गत धनुषाको पश्चिमी क्षेत्रमा अवस्थित छ । जनकपुरलाई नगरपालिकाको रूपमा २०१९ साल (१९३२ ई) मा स्वीकृति प्रदान गरेको थियो । संत सूरकिशोर दास 'मिथिला विलास' हिन्दी भाषामा लेखेर संत साहित्यको शुरूआत गरेका थिए । यसपछि यसमा योगदान दिने संत व्यक्तित्वहरूमा प्रयाग दास, वैदेही शरण आदि संतहरू थिए । यिनीहरू मंदिर, तथा कुटीहरूका निर्माणमा सहयोग गर्न थाले । केही अन्तरालपछि तराई तथा विहारको उत्तरी क्षेत्रमा बसोवास गर्ने प्रत्येक जाति विशेषले आ-आफ्ना मंदिर तथा कुटी जनकपुरमा बनाउन लगाएका थिए जो आजपनि हामी त्यसको उपयोग गरिरहेका छौं । यस्तै जनकपुरको निर्माण तथा विकासमा सहयोग गर्ने अवधकिशोर दास 'प्रेम निधि' जो जन्मले गुजराति थिए । वहाँ जनकपुरको महिमा सुनेर यहीं स्थापित हुन पुगेका थिए । यहाँले धेरै धार्मिक पुस्तकहरू लेखेका छन् जो आज पनि यस आश्रमका पुस्तकालयमा संरक्षित छन् । यस्तै जनकपुरलाई अगाडि बढाउन चतुर्भुज गिरी (राममंदिर) र रसिक अलि (रसिक आश्रम) को देन कम छैन । ती दलित वा मुस्लिम गारीगरहरू पनि बधाइका पात्र छन् जसले नौलखा जस्ता मंदिर (जानकी मंदिर) निर्माणमा आफ्नो १५ वर्ष समय लगाएर निर्माण गरेका थिए । यसका तत्कालिन लागत "नौ लाख" रूपैया परेको हुनाले नै यसले 'नौलखा मंदिर' को नामले समेत प्रसिद्धि पाएको छ । यस मन्दिरलाई टिकमगढ (मध्य प्रदेश) की महारानी बृषभानु कुंवरीले निर्माण गराएकी थिइन् । जो वि.सं. १८९४ मा पूर्णरूपले सम्पन्न भएको थियो । यो नौलखा (जानकी) मन्दिर एउटा मन्दिर मात्र होइन् यो संस्कृतिहरूको संगम पनि हो जहाँ मैथिली, मुगल तथा बैष्णवी राजपुतानी कला एकै ठाउँमा भेटिन्छन् । उपकारको सट्टामा कृतज्ञता प्रकट गर्नु यदि मानव धर्म छ भने जानकी मंदिरको मूल गेटको सामुने महारानी कुंवरीको प्रतिमा स्थापित गर्नु हाम्रो दायित्व हुन आउँछ ।

अहिले पनि जनकपुरमा पौराणिक सम्पदाहरूमध्ये विभिन्न मन्दिर, कुटी, सरोवर आदि रहेका छन् । त्यसैले संत, कुटी तथा कुण्ड (जलाशय) हरूका संख्यालाई हेरेर एउटा कहावत यस्तो छ :-

**"बावन्न कुटी बहत्तर कुंडा, फिरहीं संतजन भुंडहि भुंडा ।"**

पर्यटकीय दृष्टिकोणले जनकपुरका यी धार्मिक सम्पदाहरूको भूमिका निकै महत्वपूर्ण देखिन्छ । यस्ता सम्पदाहरू विश्वका पर्यटकहरूलाई आफूतिर तानि रहेका छन् । पर्यटकहरूलाई आवत जावत गर्न बस, रेल तथा बायुसेवाको सुविधा रहेका छन् ।

शिक्षा क्षेत्रमा पनि जनकपुर निकै ठूलो फड्को मारेको देखिन्छ । राणाकालमा एउटा मात्र याज्ञवल्क्य संस्कृत विद्यालय थियो । प्रजातन्त्रको उदयपश्चात दर्जनौं शैक्षिक संस्थाहरू संचालनमा आएका छन् । उच्च शिक्षातिर रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनक हजारी विद्यापीठ लगायत प्राइवेट सेक्टरमा कैयौं संस्थाहरू काम गरिरहेका छन् । अहिले जनकपुरमा राजर्षिजनक विश्वविद्यालय समेत स्थापना भइ आफ्नो काम शुरू गरिसकेको छ । निम्न शिक्षातिर पनि प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरू स्थानीय जनताको माँग अनुसार ठाउँ ठाउँमा व्यवस्थित रूपले संचालनमा रहेका छन् । शैक्षिक संस्थाहरू बृद्धि भए पनि गुणस्तरीय शिक्षामा देखिएको ह्रासलाई ठूलो चिन्ताको विषयको रूपमा लिनै पर्छ । यस्तै स्वास्थ्यको क्षेत्रमा पनि जनकपुरधामले निकै प्रगति गरेको छ ।

कला संस्कृतितिर पनि प्राचीन कला संस्कृतिलाई वर्तमानसम्म निरन्तरतामा दिएको देखिन्छ । त्रेतायुगमा भएको रामजानकी विवाहलाई अहिले पनि मङ्सिर शुक्लपञ्चमीका दिन पारेर विवाह वर्षगाँठको रूपमा प्रत्येक साल धूमधामका साथ मनाउने गरिन्छ ।

अहिले जनकपुरधाम एउटा उपमहानरपालिकाको रूपमा आफ्ना काम गरिरहेको छ । यहाँका सम्बन्धित निकायहरू यसलाई महानगरपालिकाको रूपमा उकास्न प्रयासरत छन् । जनकपुरधाम मधेस प्रदेशको राजधानीको रूपमा बिकसित भएको छ । यसलाई नेपालको धार्मिक राजधानीको रूपमा समेत विकसित गर्न यहाँका जनताको भूमिका उलेख्य हुने देखिन्छ ।

# सन् २०२३: विश्वमा के हुनेछ ? दश भविष्यवाणीहरू

**रिचर्ड ह्यास**

आगामी वर्ष जापान प्रमुख भूराजनीतिक अभिनेताको रूपमा उदय हुनेछ । र, सन् १९७९ मा शाहको पतनपछि पहिलो पटक इस्लामिक गणतन्त्र इरानको भविष्य गम्भीर संकटमा पर्नेछ । न्यूयोर्क । अमेरिकी बेसबल खेलाडी लरेन्स योगी बेरालाई भविष्य वक्ताको रूपमा व्यापक उद्धृत गरिएको छ :" विशेष गरी भविष्यको बारेमा भविष्यवाणी गर्न गाह्रो छ। वास्तवमा उनले भनेको हो वा होइन, तर तर्क जायज छ । जे होस्, यहाँ भर्खर सुरु भएको वर्ष २०२३ को लागि संसारका लागि दश भविष्यवाणीहरू प्रस्तुत छन :

पहिलो - सन् २०२२ को प्रमुख विश्व मुद्धा रहेको युक्रेन-रुस युद्ध यो वर्ष पनि जारी रहनेछ । रसिया र युक्रेन दुवैले पूर्ण सैन्य विजय हासिल गर्न सक्ने छैनन् । यदि कुनै पक्षलाई विजयीका रुपमा देखिने हो भने त्यो केवल युद्धपछिको सम्झौताको सर्तहरूको रूपमा मात्र पाइनेछ । यो वर्ष दुवै पक्षलाई हस्ताक्षर गराउन कूटनीतिज्ञहरूले पनि सफलता पाउने छैनन् । शान्तिको लागि सम्झौता गर्न इच्छुक र सक्षम नेताहरु चाहिन्छ । तर दुवै पक्षमा यसको अभाव छ ।

दोस्रो- धेरै नीति निर्माताहरू ताइवानमा युद्धको सम्भावनामा केन्द्रीत भएका भएपनि २०२३ मा युद्ध सम्भव हुने देखिदैन । चिनियाँ नेता सी जिनपिङ कोभिड-१९ को कारणले आफ्नो देशको स्वास्थ्य-सेवा प्रणालीबाट ओझेलमा परेर त्यसैसँग पूर्णरुपमा संघर्ष गरिरहेका छन् । आवश्यक भएमा बल प्रयोग गरेर ताइवानमाथि नियन्त्रण लिने आफ्नो लक्ष्यलाई चीनले कुनै पनि हालतमा त्यागेको छैन । तर, सत्तारुढ कम्युनिष्ट पार्टीको क्षमतामाथि प्रश्न उठाउने र अर्थतन्त्रलाई थप कमजोर बनाउने कोभिडसँग नै चीन संघर्षमा केन्द्रीत छ । तसर्थ केही वर्षको लागि आक्रामक कारबाहीको रणनीति स्थगित गरेको छ । तेस्रो- यो वर्षको सपना जस्तै रुपमा जापान एक प्रमुख भूराजनीतिक अभिनेताको रूपमा उदय हुनेछ । विश्वको तेस्रो ठूलो अर्थतन्त्र भएको जापानले आर्थिक वृद्धिलाई १.५ प्रतिशतमा सीमित गरेको छ । तर, रक्षा खर्च भने अहिले दोब्बर हुने बाटोमा रहेको छ । यो झण्डै कूल ग्राहस्थ उत्पादनको २ प्रतिशत पुगेको छ । यस क्षेत्रको सबैभन्दा सक्षम सेना भएको चिनियाँ आक्रामकतालाई रोक्न आवश्यक परेमा जापानले आफूलाई अमेरिकासँग अझ नजिकबाट साझेदारी गर्नेछ । २०२३ मा जापान दोस्रो विश्वयुद्धपछिको युगमा प्रवेश गर्ने सम्भावना छ।

चौथो- उत्तर कोरियाले बारम्बार क्षेप्यास्त्र परीक्षणहरू बाहेक यस वर्ष के हुनेछ भनेर लगभग निश्चित रूपमा पूरा गर्नेछ आफ्नो सातौं आणविक परीक्षण । नत दक्षिण कोरिया नत अमेरिकाले नै त्यस्ता कार्यहरूलाई रोक्न सक्नेछन् । नत चीनले नै आफ्नो छिमेकीलाई कमजोर पार्ने र अस्थिरता ल्याउन सक्ने गतिशीलताको प्रयोग गरेर आफ्नो हैसियत प्रयोग गर्नेछ ।

पाँचौं- रुसको आक्रमणको सामना गर्न र युक्रेनलाई सहयोग गर्ने साझा इच्छाको कारणले अहिलेको लागि बलियो भएको ट्रान्सएट्लान्टिक सम्बन्ध थप दबाबमा पर्नेछ । युरोपेलीहरूमा अमेरिकी आर्थिक संरक्षणवादप्रतिको असन्तुष्टि र युरोप महाद्वीपको चीनमाथि आर्थिक निर्भरताप्रति अमेरिकीहरूको बढ्दो असन्तुष्टि यी दुई कुराको घर्षणबाट ग्रस्त हुनेछ । युक्रेनका लागि आवश्यक सैन्य, आर्थिक र कूटनीतिक समर्थन जुटाउन रक्षा खर्चको बन्दोवस्त गर्न यो संघर्ष र मतभेदहरूबाट ट्रान्सएट्लान्टिक सम्बन्धहरू पीडित हुन सक्छन् ।



छैटौं- विश्व अर्थतन्त्र धेरै जसो पर्यवेक्षकहरूले हाल अनुमान गरेको भन्दा ढिलो विस्तार हुने सम्भावना छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले २.७ प्रतिशत वृद्धिको भविष्यवाणी गरेको छ । तर, वास्तविकता कम हुन सक्छ । चीनको कोभिड-१९ को कुप्रबन्धन र यूएस फेडरल रिजर्भको प्रक्षेपणको कारणले मुद्रास्फीति घटाउने प्रयासमा ब्याज दरहरू बढाउन दृढ देखिन्छन् । अफ्रिका र ल्याटिन अमेरिकाका केही भागहरूमा राजनीतिक अस्थिरता, चरम मौसमी घटनाहरू, र आपूर्ति-श्रृंखला अवरोधहरू पनि विश्वव्यापी आर्थिक परिवेशमा खरतरनाक साबित हुनेछन् ।

सातौं- संयुक्त राष्ट्र संघको दुबईमा हुने वार्षिक जलवायु परिवर्तन सम्मेलन निराशाजनक रहनेछ । निकट-अवधिको आर्थिक चिन्ताहरूले मध्यम र दीर्घकालीन जलवायु परिवर्तनका सवालहरुलाई प्रहार गर्छ । ग्लोबल वार्मिङका प्रभावहरू थप खराब हुनु अघि नै यसबारेको राष्ट्रसंघीय पहलहरु कमजोर हुने सम्भावना छ । आठौं- यो वर्ष पनि प्यालेस्टाइन राज्य बन्ने संभावना देखाउँदैन । इजरायलीले आवसीय क्षेत्रहरु विस्तार गरिरहेको र कूटनीतिले इजरायली र प्यालेस्टाइन दुवैलाई सहमत बनाउन नसकेको हुनाले इजरायल-प्यालेस्टाइन सम्बन्ध थप हिंसात्मक हुनेछ ।

नवौं- भारतले रुसबाट हतियार र तेल किन्न जारी राख्नेछ र चीनको विरुद्धमा पश्चिमबाट ठूलो सहयोग खोजे पनि असंलग्नताको नीतिमा अडिग रहनेछ । भारतले सहयोगको भविष्यवाणी गर्नेहरुलाई थप निराश बनाउनेछ । र, घरेलु मामिलामा भारत क्रमिक रूपमा कम धर्मनिरपेक्ष बन्दै अधिक अनुदार हुनेछ ।

अन्तमा, दशौं- इरान सम्भवतः २०२३ को प्रमुख मुद्दा हुनेछ । बिग्रँदै गएको आर्थिक गिरावट र प्रदर्शनकारीहरूसँग सम्झौता गर्ने वा उनीहरूलाई गिरफ्तार गरी मार्ने भन्ने विषयमा नेतृत्व भित्र उदाउँदो विभाजनको पृष्ठभूमिमा शासन विरुद्धको विरोधले आकर्षण प्राप्त गर्नेछ । सन् २०१५ को आणविक सम्झौतालाई पुनर्जीवित गरिने छैन किनकी रुसलाई इरानको सैन्य सहयोग मिलिरहनेछ ।

इरानका नेताहरूले आफ्नो आणविक हतियार कार्यक्रमलाई या त सफलता हासिल गर्ने वा इजरायली स्ट्राइकलाई ट्रिगर गर्ने आशामा जारी राख्न खोज्नेछन् । बाह्य आक्रमणको सामना गर्दा राष्ट्रिय एकताको लागि आह्वान गर्ने शासकहरुलाई सजिलो पनि हुन्छ । अर्को सम्भावना यो पनि छ कि सुरक्षा बलहरूको एकताले नागरिक द्वन्द्वलाई चर्काउनेछ । सन् १९७९ मा शाहको पतनपछि पहिलो पटक इस्लामिक गणतन्त्रको भविष्य गम्भीर संकटमा पर्नेछ ।

यो सबै एक सुखद नयाँ वर्षको लागि राम्रो होइन, तर यो एक रोचक एवं सत्य साबित हुनेछ ।

रिचर्ड ह्यास, एक सुविख्यात अमेरिकी कुटनीतिज्ञ एवं रणनीतिक मामिलाका लेखक हुन् । २ जनावरीमा प्रोजेक्ट सेण्डिकेटमा प्रकाशित उनको लेखको आधारमा : श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# एकीकरणले विश्वमानचित्रमा नेपालीको अस्तित्व सम्भव : अध्यक्ष लिङ्देन



काठमाण्डु । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०१औँ जन्मजयन्तीको अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टीले कविता गोष्ठीको आयोजना गरेको छ ।पार्टीले उहाँले निर्वाह गरेको भूमिका तथा योगदानलाई चिरस्थायी बनाउने उद्देश्यले भृकुटीमण्डप परिसरमा कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा विभिन्न कविले राष्ट्रनिर्माणका क्रममा राष्ट्रनिर्माताले झेल्नुपरेका दुःख कष्ट, त्याग तथा साहस र योगदानको पक्षलाई विभिन्न आयामबाट अभिव्यक्त गरेका छन् ।सोही अवसरमा रक्तदान कार्यक्रमसमेत गरिएको छ । पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउन जलपानसमारोहको आयोजना गरिएको छ ।

समारोहमा प्रधानमन्त्री, मन्त्री, विभिन्न राजनीतिक दलका प्रमुख तथा नेता, नेपाल सरकारका उच्चपदस्थ व्यक्तित्व एवं नेपालको राष्ट्रिय जीवनका विभिन्न क्षेत्रका व्यक्तित्वलगायतलाई आमन्त्रण गरिएको छ । नेपाली नोटमा पृथ्वीनारायणको तस्बिर अङ्कित गर्न माग गर्दै आएको पार्टीले देशैभर रहेका सबै जिल्ला कमिटीलाई पृथ्वीजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउन परिपत्र गरेको छ ।

यसअघि पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा एक टोलीले सिंहदरबार अगाडि शाहको शालिकमा पुगेर माल्यार्पण तथा पुष्पगुच्छा चढाएको थियो ।

अध्यक्ष लिङ्देनले राष्ट्रनिर्माताले बाइसे चौबिसे राज्यमा छरिएका भू-भागलाई एकीकरण गरी आधुनिक नेपाल निर्माण गरेर हामी सबैलाई नेपालीका रूपमा परिचित गराएकाले उहाँलाई सबैले सम्मान गर्नुपर्ने बताउनुभयो ।

सरकारले पृथ्वीजयन्तीमा दिएको सार्वजनिक बिदाले बहुसङ्ख्यक नेपाली जनताको भावना र चाहनाको सम्मान भएको बताउँदै उहाँले तत्कालीन समयमा भएको एकीकरणले विश्वमानचित्रमा नेपाल र नेपालीको अस्तित्व सम्भव भएको विचार व्यक्त गर्नुभयो ।रासस

# पृथ्वीनारायण शाहका उपदेश अहिले पनि उत्तिकै सान्दर्भिक : राष्ट्रपति भण्डारी

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले पृथ्वीनारायण शाहका दिव्य उपदेश अहिलेको सन्दर्भमा पनि उत्तिकै मननयोग्य रहेको बताउनुभएको छ । पृथ्वीनारायण शाहको ३०१औँ जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उहाँले तत्कालीन समयमा पृथ्वीनारायणले लिएको लिएको एकीकरण अभियानको आधारभूमिमा उभिएरै आजको सार्वभौम, स्वतन्त्र, समावेशी, लोकतान्त्रिक गणतन्त्र नेपालसम्मको यात्रा तय गर्न सफल भएको उल्लेख गर्नुभएको छ ।

"स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, जनतालाई अधिकारसम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालन गर्नसमेतका बहुआयामिक क्षेत्रमा हामीले पृथ्वीनारायण शाहका उपदेशलाई सर्वकालिक सन्दर्भसामग्रीका रूपमा लिन सक्दछौँ", राष्ट्रपतिको शुभकामना सन्देशमा भनिएको छ ।

तत्कालीन समयमा छरिएर रहेका साना राज्यहरूको एकीकरणबाट आधुनिक नेपाल राष्ट्रको निर्माण हुनु हाम्रो इतिहासको विशिष्ट एवं गौरवपूर्ण अध्याय भएको पनि उहाँले उल्लेख गर्नुभएको छ । "तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल निर्माणको अभियानलाई दशकौँसम्म हाम्रा वीर पुर्खाले अगाडि बढाएकै हुनाले नेपालको स्वतन्त्र र सार्वभौम अस्तित्व कायम रहन सकेको ऐतिहासिक यथार्थ हामी सबैले आत्मसात गर्नु पर्दछ", राष्ट्रपतिको शुभकामना सन्देशमा भनिएको छ ।

वर्तमान समयका उपलब्धिमा गौरवबोध गरिरहँदा पूर्वजहरूले इतिहासमा गरेका त्याग र बलिदानप्रति उत्तिकै सम्मान व्यक्त गर्न आवश्यक रहेको राष्ट्रपतिले शुभकामना सन्देशमा भन्नुभएको छ । "आफ्नो इतिहासका उपलब्धिप्रति कृतज्ञ हुने समाजले मात्र आफू र आफ्ना सन्ततिमाथि न्याय गर्न सक्दछ भन्ने सत्यलाई हामी सबैले मनन गर्नु पर्दछ । यस दिवसबाट हाम्रो सुदृढ देशभक्तिको भावनामा एउटा बलियो आयाम थप्न योगदान मिल्ने मैले विश्वास लिएको छु", शुभकामना सन्देशमा उल्लेख छ ।



राष्ट्रिय एकता दिवसले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राखी जनताको सुख र समृद्धि हासिल गर्न प्रेरणा प्राप्त हुने विश्वास पनि राष्ट्रपतिले व्यक्त गनुर्भएको छ ।

**राष्ट्रपति भण्डारीद्वारा पृथ्वीनारायण शाहको सालिकमा पुष्पहार अर्पण**

राष्ट्रपति विद्यादेवी भण्डारीले पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा नेपालका शाहवंशीय राजा पृथ्वीनारायण शाहको सालिकमा पुष्पहार अर्पण गर्नुभएको छ ।

पृथ्वीनारायण शाहको ३०१ औँ जन्मजयन्तीका अवसरमा सिंहदरबार पश्चिम मूलढोकाअघि रहेको सालिकमा उहाँले पुष्पहार एवं माल्यार्पण गर्नुभएको हो । पृथ्वी जयन्तीका अवसरमा उहाँप्रति श्रद्धाभाव प्रकट गर्न सिंहदरबार पश्चिम मूलढोकाअघि मानिसको भीड लागेको छ ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, नागरिक समाजलगायतको सहभागिता छ । विश्व हिन्दू महासङ्घ, विश्व हिन्दू परिषद्लगायत संस्थाका प्रतिनिधिको पनि भीड लागेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि यस अवसरमा भृकुटीमण्डपबाट सिंहदरबार पश्चिम मूलढोकासम्म र्‍याली निकालेको छ । र्‍यालीसहित राप्रपाले पृथ्वीनारायणको सालिकमा माल्यार्पण गरेको छ ।द्द

जयन्तीका अवसरमा बाजागाजा, शङ्ख, घण्ट ध्वनिले पश्चिम मूलढोकाअघिको क्षेत्र गुञ्जायमान भएको थियो । प्रत्येक वर्ष पुस २७ गते मनाइने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती विविध कार्यक्रम आयोजना गरी देशभर मनाइँदै छ। विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीका कोखबाट पृथ्वीनारायण शाहको जन्म भएको थियो ।

विसं १७९९ चैत २५ गते पृथ्वीनारायण शाह तत्कालीन गोरखा राज्यको राजा हुनुभएको थियो । त्यसअघि नेपाल ५२ राज्यमा विभाजित थियो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार गर्न उहाँ सफल हुनुभएको थियो । पृथ्वीनारायणको शेषपछि उहाँका उत्तराधिकारीले पश्चिममा किल्ला काँगडासम्म नेपाल राज्यलाई विस्तार गरेको इतिहास छ ।

पृथ्वीनारायण शाहले विसं १८०१ मा नुवाकोट विजय गर्नुभएको थियो । त्यसको २५ वर्षपछि १८२६ सालमा काठमाडौँ उपत्यका विजय हासिल गर्नुभएको थियो । नेपाल उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहले पूर्वतिरका चौदण्डी विजयपुर आदि विजय गर्दै देशको सिमाना बढाउनुभएको थियो ।

सबै जातजाति, भाषाभाषीको सहयोग लिएर नेपाल एकीकरणको श्रीगणेश गर्नुभएका पृथ्वीनारायण शाहको सम्झनामा आज देशभर विभिन्न कार्यक्रम गरी ३०१औँ जन्मजयन्ती मनाइँदैछ । यस अवसरमा सरकारले वुधवार सार्वजनिक बिदा पनि दिएको छ ।

**राष्ट्रपति भण्डारीद्वारा कालु पाडेको समाधि र सालिकमा माल्यार्पण**

राष्ट्रपति विद्यादेवी भण्डारीले काजी कालु पाँडेको दहचोकस्थित समाधिस्थल र सालिकमा माल्यार्पण गर्नुभएको छ। राष्ट्रपति भण्डारी ३०१औँ पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा सिंहदरबारस्थित पृथ्वीनारायण शाहको सालिकमा पुष्पहार अर्पण गरी दहचोक पुग्नुभएको हो ।

राष्ट्रपति भण्डारीले त्यहाँस्थित मनकामना मन्दिरमा दर्शन पनि गर्नुभएको थियो । गोर्खाली सेनाले राजधानीमा आक्रमण गर्नुअघि त्यो मन्दिर बनाइएको जनाइएको छ ।

पाँडे पृथ्वीनारायण शाहका सेनापति हुनुहुन्थ्यो । नेपाल एकीकरणमा सेनापति पाँडेले गर्नुभएको योगदानको कदर गर्दै दहचोकस्थित उहाँको समाधिस्थलमा सालिक निर्माण गरिएको छ ।

राष्ट्रपति भण्डारीले सोही सालिकमा माल्यार्पण गर्नुभएको हो । विसं १८१४ मा कीर्तिपुरमा भएको लडाइँमा काजी पाँडेले वीरगति प्राप्त गर्नुभएको थियो । सो युद्धमा गोर्खाली सेनाका धेरै सैनिक पनि मारिएका थिए । पाँडेको निधनपछि उहाँकै इच्छा अनुसार उहाँलाई गोरखा देखिने दहचोकमा सद्गत् गरिएको थियो ।रासस

## पृथ्वी जयन्तीका अवसरमा राप्रपाको जलपान

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीले ३०१औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका सन्दर्भमा आज भृकुटीमण्डपमा जलपान कार्यक्रमको आयोजना गरेको छ । जलपान समारोहमा विभिन्न राजनीतिक दलका अध्यक्ष, नेपाल सरकारका उपप्रधानमन्त्री तथा मन्त्रीहरू, समाजका लब्धप्रतिष्ठित व्यक्तिको सहभागिता रहेको छ ।

समारोहमा नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपप्रधानमन्त्रीद्वय नारायणकाजी श्रेष्ठ र रवि लामिछाने, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायतका नेताको उपस्थिति थियो ।

जलपान समारोहमा समाजका विभिन्न क्षेत्रका व्यक्तित्व, कलाकार, पेशाकर्मी, उद्यमी, व्यवसायीलगायत सर्वसाधारणको पनि उल्लेख्य सहभागिता थियो । राप्रपाले प्रत्येक वर्ष पृथ्वी जयन्तीको अवसर पारेर जलपान कार्यक्रम आयोजना गर्दै आएको छ । पृथ्वी जयन्तीको अवसरमा नेपाल सरकारले आज सार्वजनिक बिदा दिएको छ ।

कार्यक्रममा विभिन्न क्षेत्रका जातजाति, वेशभूषा झल्कने झाँकी प्रस्तुत गरिनुका साथै भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कविता एवं गीतसङ्गीत प्रस्तुत गरिएको थियो । कार्यक्रममा आमन्त्रण गरिएका पाहुनालाई राप्रपाका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, नेताहरू बुद्धिमान तामाङ, रवीन्द्र मिश्र, निरञ्जन थापा र धवलशम्शेर राणालगातयले स्वागत गर्नुभएको थियो ।

राप्रपा अहिले संसद्मा पाँचौँ ठूलो दलका रूपमा रहेको छ । प्रतिनिधिसभामा राप्रपाका १४ सांसद छन् ।रासस

# जिम्मेवारी र चुनौती थपिएको छ : प्रधानमन्त्री दाहाल

गोरखा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबै दलको साझा प्रधानमन्त्रीका रुपमा आफूले पाएको विश्वासको मतले चुनौती र जिम्मेवारी दुवै थपिएको बताउनुभएको छ ।

गोरखा उद्योग वाणिज्य सङ्घको आयोजनामा सदरमुकाममा वुधवारदेखि सुरु भएको ११औँ गोरखा महोत्सव एवम् प्रदेशस्तरीय कृषि, पर्यटन तथा औद्योगिक व्यापार मेला-२०७९ को उद्घाटन गर्दै उहाँले साझा प्रधानमन्त्रीका रुपमा काम गर्ने ऐतिहासिक अवसर प्राप्त भएको बताउनुभयो । प्रधानमन्त्री दाहालले यसलाई आफूले एउटा ठूलो चुनौती र अवसरका रुपमा लिएको समेत उल्लेख गर्नुभयो ।



प्रधानमन्त्री दाहालले अब देशको विकास र समृद्धिलाई गति प्रदान गर्नेसमेत बताउनु भएको छ । उहाँले सार्वजनिक तथा निजी क्षेत्रको योगदान र पहल विना अर्थतन्त्रलाई गति दिन नसकिने भन्दै त्यसका लागि सहकार्य गरेर अघि बढ्ने बताउनुभयो। प्रधानमन्त्री दाहालले राष्ट्रिय गौरवको बूढीगण्डकी आयोजना, आरुघाट रोइला सडकखण्ड निर्माण, पालुङटार विमानस्थल सञ्चालन लगायतका कामलाई अगाडि बढाउने प्रतिबद्धता जनाउनुभयो ।

'विकासका अधुरा परियोजनालाई अगाडि बढाउने र देशलाई समृद्धिको दिशामा अघि बढाउने कुरा मेरो प्राथमिकतामा छ', उहाँले भन्नुभयो, 'ऐतिहासिक अवसरलाई पूरा गर्न निरन्तर अगाडि बढ्नेछु ।' प्रधानमन्त्री दाहालले निर्वाचनका क्रममा आफूले गरेका प्रतिबद्धतलाई पूरा गर्ने बताउनुभयो । 'निर्वाचन अभियान दौरानमा तपाईंहरुको अगाडि गरेको वाचा कबुलहरु राम्रैसँग सम्झना छ', प्रधानमन्त्री दाहालले भन्नुभयो, 'गोरखा जिल्लाको जनप्रतिनिधिका रुपमा निर्वाचित भएर झन्डै राष्ट्रिय सहमतिको प्रधानमन्त्री बन्न पाउँदा मलाई गर्व पनि छ।' उहाँले गोरखा जिल्लाका जनताले आफूलाई निर्वाचित गराएर सबै नेपाली जनताको सेवा गर्ने अवसर प्राप्त भएको भन्दै गोरखाका मतदाताहरुलाई धन्यवादसमेत दिनुभयो ।

**सामाजिक न्यायसहित समृद्धिको नयाँ युगको थालनी गर्नुपर्छ : प्रधानमन्त्री**

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अब मुलुकमा सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ युगको थालनी गर्नुपर्ने बताउनुभएको छ ।

माओवादीको सहायक सङ्गठन योङ कम्युनिष्ट लिग (वाइसिएल)को केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकलाई आज यहाँ सम्बोधन गर्दै उहाँले मुलुकको आर्थिक समृद्धिलाई आफूले सपनाका रूपमा लिएको र वर्तमान सरकारले त्यसलाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"मैले यसलाई सङ्कल्प र प्रतिबद्धताका रूपमा लिएको छु, एउटा प्रधानमन्त्रीले चाहेर मात्र पनि हुँदैन, समृद्धिको यात्रा हासिल गर्न विभिन्न जनसङ्गठनले साथ दिनुपर्छ", उहाँले भन्नुभयो, "सरकार र पार्टीलाई यो चुनौतीपूर्ण अवसरलाई सफल पार्न तपाइँहरूले संस्थागत रुपले पहलकदमी गर्नुपर्नेछ ।"

सरकारको नेतृत्वका रूपमा पाएको यो अवसरलाई सदुपयोग गर्नुपर्नेमा आफू सचेत रहेको जनाउँदै उहाँले वर्तमान सरकारले चुनौतीलाई चिर्न सफल हुने बताउनुभयो । "जनताको विकास निर्माणसम्बन्धी आकाङ्क्षा पूरा गर्न र भ्रष्टाचार नियन्त्रणमा कठोर रूपमा अघि बढ्नुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "आर्थिक समृद्धिको जुन कल्पना गरेका छौँ । त्यसलाई पूरा गर्नु छ । त्यसपछि देशमा नयाँ युग सुरु हुनेछ ।"

अध्यक्ष दाहालले जनताको घरघरमा पार्टीलाई विस्तार गर्न र पार्टी सुदृढीकरणको अभियानलाई व्यापक बनाउन आग्रह गर्नुभयो । पार्टीमा युवाको सहभागिता बढाउन २० प्रतिशत युवा प्रतिनिधित्व सुनिश्चित गरिएको जनाउँदै उहाँले पार्टी निर्माणमा लाग्न युवालाई निर्देशन दिनुभयो ।

राजधानीमा मङ्गलबारदेखि सुरु तेस्रो पूर्ण बैठकमा समसामयिक राजनीतिक परिस्थितिको विश्लेषण, आगामी कार्यदिशाका बारेमा छलफल भएको थियो । बैठकको पहिलो दिन उपाध्यक्ष कृष्णबहादुर महराले प्रशिक्षण दिनुभएको थियो । वाइसिएलले 'जनताको घरदैलोमा वाइसिएल' अभियान सञ्चालन गर्ने तयारी गरेको छ ।

**प्रधानमन्त्रीसँग गण्डकीका मुख्यमन्त्रीको भेट**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले भेट गर्नुभएको छ ।

वुधवार बिहान प्रधानमन्त्री निवास वालुवाटारमा भएको सो भेटमा उहाँहरूबीच एकअर्काबीच बधाई आदान-प्रदान भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यही पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका दाहालले मङ्गलबार प्रतिनिधिसभाको अत्यधिक बहुमतसहित विश्वासको मत प्राप्त गर्नुभएको थियो । अधिकारी सोमबार नेकपा (माओवादी केन्द्र)को समर्थनमा मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो ।रासस

## लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा रुपन्देहीका एमाले नेता गिरी नियुक्त

तिलोत्तमा । नेकपा (एमाले) संसदीय दलका नेता लिला गिरी लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ ।

लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले बुधबार गिरीलाई संविधानको धारा १६८ को उपधारा २ बमोजिम नियुक्त गर्नुभएको हो । एमालेसहित सात राजनीतिक दल र दुई स्वतन्त्र सांसदसहित ५८ जनाको समर्थनमा गिरी मुख्यमन्त्री बन्नुभएको छ ।

सरकार गठन गर्नका लागि सत्ता गठबन्धनले बुधबार दिउँसो प्रदेश प्रमुखसमक्ष दाबी पेश गरेको थियो । एमाले, माओवादी केन्द्र, राप्रपा, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टी र दुई स्वतन्त्र सांसदसहित ५८ जनाको हस्ताक्षरमा सरकार गठनको लागि दाबी पेश भएको थियो ।

लुम्बिनी प्रदेशमा एमालेका २९, माओवादी केन्द्रका १०, राप्रपाका चार, जसपा, लोसपा र जनमतका तीन/तीन सिट छन् । नागरिक उन्मुक्तिसँग चार सिट र स्वतन्त्र दुई जना सांसद रहेका छन् । ८७ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ । प्रदेशमा कांग्रेसका २७, लोसपाका तीन र नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक/एक सदस्य छन् । गिरीले रुपन्देही क्षेत्र नम्बर २ (२) बाट प्रदेशसभामा विजयी हुनुभएको थियो । उहाँ यसअघि लुम्बिनी प्रदेशको वन तथा वातावरण र उद्योगमन्त्रीसमेत बन्नुभएको थियो ।

शपथ कार्यक्रम भने पुस २८ गते बिहीबार लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यकामा दिउँसो १ बजे हुने भएको छ ।रासस


मधेश प्रदेश सरकार

हंसपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बघचौडा, धनुषा, नेपाल

**क्याट्लग/ ब्रोसर सपिंग विधिबाट सबारी साधन खरिद सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मितिः२०७९/०९/२८गते

यस कार्यालयको आ.ब.२०७९/०८० को स्विकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको सवारी साधन/एम्बुलेन्स सार्वजनिक खरिद ऐन, (२०६३ पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो कोनेपालका लागि आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याट्लग सपिंग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख़) को उपनियम (२) अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात क्याटलोग ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउन हुन् सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ ।
२. उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अधावधिक नविकरण भएको पत्र स्थाई लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व.०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात उक्त सवारीसाधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन १२.०० बजे सम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
३. यो सुचना प्रकाशित भएको मितिले १६औ दिन १२.०० बजे सम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिन १३.०० बजे खोलिनेछ ।
४. साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले स्वीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
६. सिलबन्दी प्रस्ताव स्वीकृत वा स्थगित अन्य सबै कुराहरुको अधिकार कार्यालयमा निहित रहने छ ।

| सि. नं. | ठेक्का न. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | HAN/MUN/NCB/ Goods/10/079–080 | चारपांग्रे 4WD एम्बुलेन्स-१ थान | 4–Stoke, water cooled Diesel Engine, developing maximum rated power output not less than 45 kw at governed RPM & maximum torque not less than 110 Nm at governed RPM, Minimum 1 year warranty after acceptance. | संछिप्त विवरणमा उल्लेख नभएकाकुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

नोटः यस सम्बन्धी विस्तृत प्राविधिक स्पेसिफिकेशनकोलागि नगरपालिकाको Website:- www.hansapurmun.gov.np तथा सम्पर्क न.९८५४०२८८८०, hanspurnagarpalika@gmail.com मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत



पेरुका चीफ अफ स्टाफ अल्बर्टो ओटारोलाले मन्त्रिपरिषद्ले लिमामा विश्वासको मतको सामना गरिरहेका छन् । पेरुका राष्ट्रपति, डिना बोलुआर्टे विरुद्धको विरोध, जसले एक महिनामा ४० जनालाई मारेको छ । नयाँ मन्त्रिपरिषद् उद्घाटनका लागि विश्वासको मत माग्न कांग्रेसमा पुगेपछि देशका ६ वटा क्षेत्रमा सडक अवरुद्ध भएको छ । *तस्विर : एएफपी*

# आर्मी सेमिफाइनलमा प्रवेश

काठमाण्डु । सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिपअन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बुधवार भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । आर्मीले खेलको पहिलो सेट २५-११ ले जित्यो भने दोस्रो सेट २५-१० को जित निकाल्यो । त्यस्तै खेलको तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो ।

यस जितसँगै समूह 'बी' मा रहेको आर्मीले दुई खेलबाट ६ अङ्क जोडेको छ । पराजित गण्डकीको भने यो लगातार दोस्रो हार हो ।

त्यस्तै महिलातर्फको समूह 'ए' बाट साबिक विजेता न्यू डायमन्ड युथ स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लबले सेमिफाइनलको यात्रा तय गरिसकेका छन् । च्याम्पियनशिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन् ।

च्याम्पियनशिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछन् भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछन् । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछन् ।रासस

# लुम्बिनीले नेपाल टी २० लिगको उपाधि जित्यो



काठमाण्डु । पहिलो संस्करणको नेपाल टी २० लिगको उपाधि लुम्बिनी अल स्टार्सले हात पारेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बुधवार भएको फाइनल खेलमा लुम्बिनीले विराटनगर सुपर किंग्सलाई २४ रनले पराजित गर्दै उपाधि हात पारेको हो । यस उपाधिसहित लुम्बिनीले रु ५५ लाख प्राप्त गरेको छ ।

यसैगरी उपविजेतामा चित्त बुझाएको विराटनगरले रु ३० लाख पायो । लुम्बिनीले दिएको १३४ रनको लक्ष्य पछ्याएको विराटनगरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो । विरानगरका लागि अर्जुन साउदले सर्वाधिक ३४ रन बनाए भने पृथु बास्कोटाले २३ रन जोडे । त्यस्तै हुसेन तालतले १३ रन बनाए ।

विराटनगरले १०९ रन समेट्ने क्रममा लुम्बिनीका सागर ढकाल र हरमित सिंहले समान दुई-दुई विकेट लिए भने किशोर महतो र विपुल शर्माले समान एक-एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ राजेको लुम्बिनीले १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १३३ रन बनाएको थियो ।

लुम्बिनीका लागि लाहिरु मिलन्थाले सर्वाधिक ४१ रन जोडे भने हरमित सिंहले ३० रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले २० तथा इशान पाण्डेले १६ रन बनाए ।

विरानगरका नन्दन यादव र राज नाननले समान दुई-दुई विकेट लिए भने सूर्य तामाङ, कप्तान रोहितकुमार पौडेल, हुसेन तालत र किओन जोसेफले समान एक-एक विकेट लिए ।

प्रतियोगितामा जनकपुर रोयल्स तेस्रो भयो । उसले रु १० लाख पायो । त्यस्तै काठमाडौं नाइट्स चौथो भयो । काठमाडौंले रु पाँच लाख पायो ।

यही पुस ९ देखि सुरु भएको प्रतियोगितामा काठमाडौं नाइट्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार्स, फार वेस्ट युनाइटेड, विराटनगर सुपर किंग्स र पोखरा एभेन्जर्स गरी ६ टोली सहभागिता रहेको थियो ।रासस

# प्रवेशाज्ञा बन्द गरेकामा जापानद्वारा चीनको आलोचना




**एएफपी**

टोकियो । चीनले आफ्ना नागरिकलाई प्रवेशाज्ञा दिन बन्द गरेकामा जापानले त्यसको विरोध गरेको छ । जापानी नागरिकलाई 'भिसा' दिन बन्द गर्ने चीनको कदमको आलोचना गर्दै टोकियोले बुधबार उक्त कदमको विरोध गरेको हो । साथै उसले उक्त निर्णय फिर्ता लिन बेइजिङसँग माग गरेको छ ।

चीनमा कोरोनाका बिरामी बढेकाले त्यहाँबाट आफ्नो भूमिमा प्रवेश गर्ने चिनियाँलगायत अन्यलाई कोभिड-१९ परीक्षणको नकारात्मक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने बाध्यकारी नियम लगाएपछि चीनले पनि त्यसको प्रतिवाद गर्दै प्रवेशाज्ञा दिन बन्द गरेको हो ।

चीनले मङ्गलबार जापान र दक्षिणकोरियाली नागरिकलाई भिसा नदिने सूचना जारी गरेको थियो । जापानले चीनको उक्त निर्णयलाई प्रतिशोधात्मक एवम् खेदजनक कदम भनेको छ । टोकियोले कूटनीतिक माध्यमबाट चिनियाँ निर्णयको विरोध गर्दै तत्काल निर्णय सच्च्याउन माग गरेको सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले बताउनुभयो ।

सोलस्थित चिनियाँ दूतावासले मङ्गलबार अनलाइन पोस्ट गरेको सङ्क्षिप्त सूचनाअनुसार दक्षिणकोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जानेप्रवेशाज्ञा निलम्बन गरिएको छ। सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ ।

चीनबाट कोरिया जानचाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरुप व्यवहार गर्ने बताएको छ । विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ । महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए । केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहर हरूमा विरोध प्रदर्शन भएका थिए । कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए ।

# पेरुमा प्रहरीलाई ज्युँदै जलाइयो

**एपी**

लिमा । पेरुमा सरकार विरोधी प्रदर्शनले हिंसात्मक रुप लिँदै गएपछि एक जना प्रहरी अधिकृतको ज्युँदै जलाएर हत्या गरिएको छ । पूर्व राष्ट्रपति पेड्रो कास्टिलोलाई अपदस्थ गरेपछि भड्किएको हिंसात्मक प्रदर्शनमा ४७ जना मारिएका छन् ।

एक जना सहकर्मीका साथ गस्तीमा रहेका २९ वर्षीय जोसे लुइस सोनको क्विस्पेलाई सोमबार राति बोलिभिया र टिटिकाका तालको सिमानामा रहेको सहर जुलियाकामा भीडले आक्रमण गरेर उनीहरूको गाडीमा आगो लगाएको थियो ।

करिब तीन सय ५० जना आक्रमणकारीले आफूहरूमाथि आक्रमण गरेका सोनका सहकर्मी रोनाल्ड विलासान्टे टोकले बताएका छन् । गम्भीर घाइते भएका उनले आफ्ना साथीको अवस्थाबारे आफूलाई जानकारी नभएको बताए । लिमास्थित अस्पतालमा उनको उपचार भइरहेको छ ।

प्रधानमन्त्री अल्बर्टो ओटारोलाले सोनकोको मृत्युको पुष्टि गर्दै सरकार प्रदर्शनकारीले उनीमाथि आक्रमण गरेका बताउनुभएको छ ।

# पेरुका राष्ट्रपतिमाथि अनुसन्धान शुरु

**एएफपी**

पेरु । पेरुका राष्ट्रपति डिना बोल्वार्टेमाथि सरकार विरोधी प्रदर्शनमा दमन गरेको अभियोगमा अनुसन्धान थालिएको छ । गत डिसेम्बरदेखि भएका सरकार विरोधी प्रदर्शनमा कम्तीमा ४० जना मारिएपछि राष्ट्रपतिको भूमिकालाई लिएर छानबिन थालिएको हो ।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच सोमबार भएको झडपमा १८ जनाको मृत्यु भएपछि मङ्गलबार हिंसात्मक प्रदर्शन दबाउन सरकारले दक्षिणी पुनो क्षेत्रमा निषेधाज्ञा (कर्फ्यु) आदेश जारी गरेको छ ।

अपुरिमक, ला लिबर्टाड, पुनो, जुनिन, अरेक्विपा र अयाकुचो क्षेत्रमा सरकार विरोधी प्रदर्शनका क्रममा भएका दमनमा राष्ट्रपतिको भूमिकालाई लिएर अनुसन्धान भइरहेको सरकारी अभियोजन कार्यालयले जनाएको छ । डिसेम्बर ७ मा पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले बोल्वार्टेविरुद्ध आन्दोलन गर्दै आएका छन् ।

जारी विरोध प्रदर्शन दबाउन राज्यशक्तिको प्रयोग हुँदा कैयौं नागरिकको मृत्यु भएकामा पेरुस्थित राष्ट्रसङ्घीय कार्यालयले गहिरो चिन्ता व्यक्त गरेको छ । हिंसात्मक गतिविधि परित्याग गर्न सम्बद्ध पक्षलाई आग्रह गर्दै राष्ट्रसङ्घले शान्तिपूर्ण विरोध गर्ने अधिकार एवम् आधारभूत मानव अधिकारको सम्मान गर्न आग्रह गरेको छ ।

पेरुका प्रभावशाली क्याथोलिक गिर्जाघरका नेताहरूले देशमा भड्किएको हिंसालाई मुलुक युद्धको अवस्थामा पुगेको टिप्पणी गरेका छन् । राज्य बर्बर बनेको आरोप लगाउँदै उनीहरूले संयमित हुन सम्बद्ध पक्षसँग अनुरोध गरेका छन् । पुनाको क्षेत्रीय सरकारले तीन दिनको शोकको घोषणा गर्दै राष्ट्रपति बोल्वार्टेलाई पदत्याग गर्न आह्वान गरेको छ ।

# नयाँ प्रविधिको बढ्दो प्रयोगले परम्परागत खेलहरू बिर्सँदै बालबालिका

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-४ असैनाका मनिदत्त पन्त सानै छँदा घरआँगनमा साथीभाइसँग रमाइलो गर्दै खेलेका खेलको स्मरण गर्नुहुन्छ । साथीभाइ मिलेर सामूहिकरूपमा परम्परागत खेल खेल्दाको मज्जा नै बेग्लै हुने गरेका पुराना स्मरणहरू उहाँ निकै रोचक ढङ्गले सुनाउनुहुन्छ ।

"पुराना दिन सम्झिँदा अझै वचपनमै पुगेको महसुस गर्छु", उहाँले भन्नुभयो, "पाँच दशकअघि साथीभाइसँग निकै रमाइलो गरेर पुर्स्तौंदेखि चल्दै आएका पुराना खेल खेल्थ्यौँ, त्यसमै रमाउथ्यौँ ।" कबड्डी, गोला आकारका ढुङ्गालाई एकमाथि अर्को राख्दै मोजाको गोलो बलले हिर्काएर खेलिने टिपु, रुमाल लुकाउने, लुकामारी, चोर पुलिस, ठिणी (डण्डीबियो), गाई बाँध्ने, डोरी नाघ्ने, चुङ्गीलगायतका खेल त्यस बेला प्रचनमा रहेको उहाँ बताउनुहुन्छ ।

गाई-गोरु चराउन जाँदा केटीहरूले रवरको गुच्छा बनाइ खेल्ने चुङ्गी, स-साना ढुङ्गालाई गोटीका रूपमा खेलिने गोट्टा, भिरालो क्षेत्रबाट काठको फल्याकमा चढेर टाढा पुग्ने घुसुडी, जमिनमा चार कुने रेखा बनाइ गोलो ढुङ्गा राखी एक खुट्टामाथि उचाल्दै अर्को खुट्टाले रेखा नछोइकन पार गर्ने अड्डुलगायतका खेल बढी खेलिने गरिथ्यो ।

बूढापाकाले गोरु चराउन जाँदा र घरमै पनि दुई-चार जना जम्मा भए बाघचाली खेल्ने चलन थियो । यी सबै पुराना खेल संरक्षण गर्न नसक्दा हाल हराउँदै गएका छन् । युवाहरूले आफैँ पैसाको जोहो गरी भलिबल नेट खरिद गरी भलिबल खेल्ने गर्दथे । एकअर्का गाउँका युवाबीच भलिबल र कबड्डीका प्रतियोगिता नै हुन्थे । "पुराना खेल खेल्दा चोटपटक लाग्ने जोखिम हुन्थ्यो", करनबहादुर ऐरले भन्नुभयो, "शारीरिक व्यायाम निकै हुन्थ्यो, शारीरिक व्यायामकै कारणले रोगव्याधीको समस्या थिएन, घरकै पाकेको खाना खान्थ्यौँ, निकै तन्दुरुस्त हुन्थ्यौँ ।"

"साथीत्वको भावना निकै हुन्थ्यो, सामूहिक छलफल गर्ने, बहस गर्ने कार्यले पढाइमा बालबालिका अब्बल हुन्थे । अहिलेको जस्तो फेसबुक, टयुटर, इन्स्ट्राग्राम, युटयुवलगायतको चलन थिएन । कम्प्युटरमा, इन्टरनेटमा खेलिने खेल थिएन", उहाँ भन्नुहुन्छ ।

"आजभोलि घरभित्रै एकै परिवारमा बस्नेबीच पनि कुनै किसिमको छलफल हुँदैन", शुक्लाफाँटा नगरपालिकाका निवर्तमान नगरप्रमुख दिलबहादुर ऐरले भन्नुभयो, "सबै जना आ-आफ्नै मोबाइलमा व्यस्त हुन्छन्, सहरबजारमा त एक छिमेकीले अर्को छिमेकीलाई नचिन्ने अवस्था आइसक्यो ।" शारीरिक व्यायामको कमीका कारण बालबालिकमा विभिन्न किसिमका रोग देखापर्दै आएको उहाँले बताउनुभयो ।

मोबाइल र कम्प्युटरमा एकहोरो हेर्ने र चलाउने भएकाले बालबालिकामा आँखाको दृष्टि कमजोर हुने समस्यासँगै एक ठाउँमा बसेर खेल्दा शारीरिक व्यायाम नहुँदा वचपनमै विभिन्न रोग लाग्ने गरेको उहाँले बताउनुभयो । यस कार्यले बालबालिकामा स्मरण शक्तिसमेत कम हुँदै गएको उहाँको भनाइ छ ।

"पालिकाहरूले निर्माण गर्ने स्थानीय पाठयक्रममा पुराना खेललाई समेट्नुपर्छ, पाठयपुस्तममा अरु खेलझैं पूरा खेल खेल्ने तरिका र विद्यालयमा खेलाउने गरिए पुराना खेल जोगिन्छन्", उहाँले भन्नुभयो, "जोगाउने कार्य नगरिए बूढापाकासँगै पुराना खेल पनि सिद्धिन्छन् ।"

**थारू समुदायका परम्परागत खेल ओझेलमा**

तराईमा बसोबास गर्ने थारू समुदायका परम्परागत खेलसमेत ओझेलमा पर्दै गएका छन् । थारू समुदायका अगुवा धनबहादुर कुश्मीका अनुसार थारू समुदायका किशोरी तथा युवतीले खेल्ने घोघो रानी, सिक्टी उस्टैना, अच्छी, कोइली दिदी, बुक्रीभारा, छटक भेच्वा र किशोर तथा युवाले खेल्ने छिल्ली, पूर्वा खैना, खोपी, बहान छोरी, मुर्गा लसन, गुल्ली दण्डा, लोची दण्डालगायत थुप्रै परम्परागत खेल लोपोन्मुख अवस्थामा पुगेका छन् ।

"परम्परागत खेल कम खर्चिला र स्थानीय साधन स्रोतको प्रयोग गरी सजिलै खेल्न सकिन्थ्यो", उहाँले भन्नुभयो, "यी खेल सामूहिकरूपमा खेलिने भएकाले सामूहिकताको भावना हुन्थ्यो, हाल मोबाइलका गेमले बालबालिका पुराना खेल बिर्सँदै गएका छन् ।"

उहाँका अनुसार पुरुष-महिला मिलेर खेल खेल्ने भएकाले लैङ्गिक समानताको भावना हुन्थ्यो । बाघागोटी, टयुरालगायत खेल खेल्दा दिमाग लगाउनुपर्ने हुँदा बौद्धिक विकासमा मद्दत पुग्ने गर्दथ्यो । उहाँ भन्नुहुन्छ, "परम्परागत खेलमा आफ्नैपन, आफनत्वको भावना र बेग्लै किसिमको नियममा बाँधिएर खेलिने हुँदा भरपूर मनोरञ्जन र शारीरिक व्यायाम हुन्थ्यो, हाल पुराना खेल ओझेल पर्दै गएका छन्, बचाउन सबैले लाग्नु पर्दछ ।"रासस

# भारतमा घरजग्गा कारोबारमा उच्च वृद्धि

**सिन्ह्वा**

नयाँदिल्ली । बढ्दो बैंक ब्याज दरका बावजुद भारतमा घरजग्गा कारोबारमा उच्च वृद्धि भएको छ। सन् २०२२ मा भारतको 'रियलस्टेट' क्षेत्रले दशकयताकै उच्च वृद्धिदर हासिल गरेको हालै सार्वजनिक एक प्रतिवेदनमा देखाइएको हो ।

नाइट फ्याङ्कले हालै प्रकाशन गरेका प्रतिवेदनअनुसार गत वर्ष भारतको 'रियल्टी' बजार ३४ प्रतिशतले बढेको थियो । घरको स्वामित्वप्रतिको मनोवृत्तिमा परिवर्तन, कार्यव्यापारलाई निरन्तरता दिने र आर्थिक स्थायित्व कामय गर्ने प्रयासका कारण घर जग्गा कारोबारमा वृद्धि भएको जनाइएको छ । यो वृद्धिलाई कोभिड-१९ महामारीपछि भारतीय अर्थतन्त्रमा खुलापनले प्रवेश पाएको दृष्टान्तका रुपमा चित्रण गरिएको छ ।

प्रतिवेदनका अनुसार गत वर्ष देशका शीर्ष आठ रियल्टी बजारमा कुल तीन लाख १२ हजार छ सय ६६ आवासीय भवन बिक्री भएका थिए भने तीन लाख २८ हजार एक सय २९ नयाँ भवन थपिएर ४१ प्रतिशतले वृद्धि भएको थियो ।

आवास बिक्रीमा मुम्बई अग्रस्थानमा रह्योभने त्यसपछि राष्ट्रिय राजधानी दिल्ली र आसपासका शहर र दक्षिणी सहर बेङेगलुरुमा अधिक कारोबार भयो । महामारीका कारण चुनौती उत्पन्न भए पनि कार्यालयका निम्ति पनि उत्तिकै स्थान खरिद भएको थियो ।

बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न देशको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियाले सरकारी धितोमा अल्पकालका निम्ति उपलब्ध गराइने ऋणको दर पाँच पटक बढाएको थियो भने आवास ऋणको ब्याज दरमा वृद्धि गरेको थियो ।

# क्यानडाद्वारा राजापाक्ष दाजुभाइमाथि प्रतिबन्ध घोषणा

**एएफपी**

कोलम्बो । श्रीलङ्काका पूर्वराष्ट्रपति महिन्दा र गोटाबाया राजापाक्षलाई क्यानडा सरकारले आफ्नो मुलुकको भ्रमणमा प्रतिबन्ध लगाएको छ । गृहयुद्धका बेला मानवअधिकार हनन गरेको आरोपमा उनीहरूमाथि यात्रा प्रतिबन्ध लगाइएको हो ।

सन् २००९ मा महिन्दा राजापाक्ष टापु राष्ट्रको राष्ट्रप्रमुख र गोटाबायाले रक्षा मन्त्रालयको नेतृत्व गरेका बेला तमिल टाइगर्सको पृथकतावादी आन्दोलनलाई सैन्य कारबाहीका माध्यमबाट अन्त्य गरिएको थियो । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका अनुसार द्वन्द्वकालमा सेनाले अन्धाधुन्ध बमबारीलगायत कारबाही गर्दा ४० हजार तमिल अल्पसङ्ख्यक मारिएका थिए ।



पश्चिमा देशले श्रीलङ्को सैनिक नेतृत्वमाथि यात्रा प्रतिबन्ध लगाएको भए पनि शक्तिशाली राजपाक्ष परिवारका सदस्यमाथि कुनै किसिमको यात्रा निषेध जारी गरेको थिएन । राजपाक्ष परिवारमाथि प्रतिबन्ध लगाउने क्यानडा पहिलो मुलुक बनेको छ ।

'अन्तर्राष्ट्रिय कानून उल्लङ्घन गर्नेहरूविरुद्ध अन्तर्राष्ट्रिय दण्डहीनता अन्त्य गर्न क्यानडाले आज निर्णायक कदम चालेको छ,' विदेशमन्त्री मेलानी जोलीले मङ्गलबार जारी विज्ञप्तिमा भन्नुभएको छ ।

दुवै दाजुभाइले आफूहरू पदमा रहँदा दशकौं लामो गृहयुद्धका क्रममा भएका युद्ध अपराधको अनुसन्धान गर्न अन्तर्राष्ट्रिय दबाबको प्रतिरोध गरेका थिए। सन् २०१९ मा गोटाबाया राष्ट्रपति भएका थिए । देशमा व्याप्त चरम आर्थिक सङ्कटबाट क्रुद्ध भएका नागरिकको निरन्तरको विरोध प्रदर्शन तथा सरकारी निवासमा प्रवेश गरेर आन्दोलन चर्काएपछि राजीना गरेर पलायन भएका उनी सैन्य सुरक्षाको साथ सरकारी परिसरमा बसिरहेका छन् ।

यसैबीच, श्रीलङ्काको विदेश मन्त्रालयले बुधबार क्यानडाका कार्यवाहक राजदूतलाई बोलाएर क्यानडाको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेको छ ।



धरान उपमहानगरपालिका-१४ विजयपुरस्थित एक स्थानीयबासीको जग्गामा लगाएको ड्रागन फ्रुट । बाँझो जग्गामा यहाँका स्थानीय बासिन्दाले फलफुल खेती गरेर सदुपयोग गर्दै आएका छन् ।
*तस्बिर : रासस*

# तीन सयले घट्यो सुनको मूल्य




काठमाण्डु । सुनचाँदी बजारमा वुधवार छापावाल सुनको मूल्य अघिल्लो दिनको कारोबारको तुलनामा प्रतितोला रु तीन सयले घटेर रु एक लाख तीन हजार दुई सयमा पुगेको छ। उक्त सुन हिजो प्रतितोला रु एक लाख तीन हजार पाँच सयमा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार वुधवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार सात सय छ । उक्त सुनको मूल्य अघिल्लो दिन रू एक लाख तीन हजार थियो ।

त्यस्तै वुधवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार तीन सय ६५ कायम भएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ ।रासस

# इन्भेष्टमेन्ट र मेगा बैंकबीच एकीकृत कारोबार सुरु




काठमाण्डु । नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंक लिमिटेड एकापसमा गाभिएसँगै वुधवारदेखि 'नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड'का नाममा एकीकृत कारोबार सुरु गरेका छन् ।

काठमाडौंमा वुधवार आयोजित एक कार्यक्रममा नेपाल इन्भेष्टमेन्ट बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे र मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले संयुक्त रूपमा एकीकृत कारोबार सुरु भएको घोषणा गर्नुभयो ।

दुई बैंक गाभिएर बनेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको चुक्ता पुँजी रु ३४ अर्ब १२ करोड, कुल सम्पत्ति रु चार खर्ब ७१ अर्ब र कूल पुँजी रु ५८ अर्ब पुगेको छ। त्यस्तै कूल निक्षेप रु तीन खर्ब ६० अर्ब र कूल कर्जा रु तीन खर्ब २९ अर्ब रहेको बैंकले जनाएको छ। मर्जरपछि यो बैंकको शाखा सञ्जाल दुई सय ९६, एक्सटेन्सन काउन्टर ५९, एटिएम दुई सय ७९ र ग्राहक सङ्ख्या ३० लाखभन्दा बढी रहेको पनि बैंकले जनाएको छ।

दुई बैंकबीच शेयर स्वाप अनुपात १००:९० रहने गरी मर्जर सम्झौता भएको थियो । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको अध्यक्षमा साविक इन्भेष्टमेन्ट बैंकका अध्यक्ष पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहनुभएको छ । नयाँ सञ्चालक समितिमा दुवै बैंकका सञ्चालकको प्रतिनिधित्व रहने छ । त्यसमा इन्भेष्टमेन्ट बैंकका तर्फबाट प्रजन्य राजभण्डारी र कविकुमार टिब्रेवाला तथा मेगा बैंकका तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहनुभएको छ।

त्यसैगरी साविक नेपाल इन्भेष्टमेन्ट बैंकमा स्वतन्त्र सञ्चालकका रूपमा रहनुभएको मञ्जु बस्नेत अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालकका रूपमा रहनुहुनेछ । एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बैंकका अध्यक्ष पाँडेले यो मर्जरले वित्तीय क्षेत्रमा थप ऊर्जा प्रदान गर्नुका साथै नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकलाई पनि मर्जरका लागि प्रेरित गरेको बताउनुभयो ।

त्यसैगरी मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले यो मर्जर देशको बैंकिङ क्षेत्र र अर्थतन्त्रका लागि सुखद एवं सकारात्मक कदम भएको बताउनुभयो । मर्जरपछि दुवै बैंकका असल परम्परा, ग्राहकको सेवा, कर्मचारी व्यवस्थापन जस्ता सकारात्मक पक्षलाई अङ्गिकार गर्नुका साथै शेयरधनीलाई प्रतिफलमा न्यायोचित वृद्धि गर्दै जाने उहाँको भनाइ छ।

नियामक निकाय नेपाल राष्ट्र बैंकले लिएको नीतिअनुसार पछिल्लो समय बैंक तथा वित्तीय एकापसमा गाभ्ने/गाभिने र प्राप्ति प्रक्रियामा गइरहेका छन् । चालु आर्थिक वर्षको पुसमा मात्र आठ वाणिज्य बैंक एकापसमा मर्जर तथा प्राप्ति प्रक्रियामा गएर चार कायम भएका छन् ।

यसअघि प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी मङ्गलबारदेखि प्रभु बैंक लिमिटेडका नामबाट एकीकृत कारोबार शुरु गरिसकेको छ। ग्लोबल आईएमई बैंक र बैंक अफ काठमाण्डू एकापसमा गाभिएर 'ग्लोबल आईएमई बैंक लिमिटेड' का नामबाट सोमबारदेखि एकीकृत कारोबार थालेका थिए । त्यस्तै कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंक एकापसमा गाभिएर 'कुमारी बैंक लिमिटेड' का नामबाट पुस १७ गतेदेखि एकीकृत कारोबार शुरु गरेका थिए।

हिमालयन बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्तिका लागि सहमति गरिसकेको भए पनि एकीकृत कारोबार भने शुरु भइसकेको छैन । दुवै बैंकले पुस २८ गतेका लागि वार्षिक साधारण सभा बोलाएका छन् । आगामी माघ महिनाभित्रै एकीकृत कारोबार गर्ने यी बैंकको तयारी छ। त्यस्तै लक्ष्मी बैंक र सनराइज बैंकले पनि एकापसमा मर्जरमा जाने सम्झौता गरिसकेका छन् ।रासस

# तोरीखेतीमा बढ्यो सर्वसाधारण कृषकको आकर्षण



झापा । बारीमा लट्टो परेर फलेको तोरी देखेर दङ्ग छन् मेचीनगर नगरपालिका-१४ दुहागढीका किसान विजय नेपाल । विदेश जानुको साटो स्वदेशमै व्यावसायिक कृषिमा लाग्ने उहाँको सोचमा फस्टाएको तोरी खेतीले उत्साह बढाइदिएको छ।

चितवनपछि झापामा तोरी खेती प्रमुख तेहलन बालीका रूपमा विस्तार भइरहेको छ। मेचीनगरको दुहागढीमा तीन वर्षदेखि किसानहरू व्यावसायिक तोरी खेतीमा लागेको हुँदा स्थानीय तहले उहाँहरूलाई मल, बीउ, उपकरण र सिँचाइका लागि सहयोग पुर्‍याउन थालेको छ।

युवा कृषक नेपालले छ बिघा जग्गा भाडामा लिएर कृषि तथा पशुपालन फार्म सञ्चालन गरेको आधा दशक भइसक्यो। गत वर्ष केही बिघामा लगाएको तोरीले मनग्ये लाभ दिएपछि यसपालि चार बिघा जमिनमा खेती विस्तार गरेको उहाँले बताउनुभयो । तोरी नपाक्दै किन्न आउनेको घुइँचो लागेको छ।

"करिब पाँच हजार केजी फल्छ होला," उहाँले भन्नुभयो, "एक हजार केजी तरहराको सरकारी बीउबिजन केन्द्रले बीउ विस्तारलाई लैजाने भएको छ। पैँतीस सय केजी जति अर्डर आइसक्यो, अब नयाँ अर्डर लिन बन्द गरेको छु ।"वडाध्यक्ष बाबुलाल सुब्बाले दुहागढीको सिङ्गो वडा तोरी खेतीको पकेट क्षेत्र बनेको बताउनुभयो। यहाँका हरेक कृषक परिवारले हिउँदमा खेतमा तोरी फलाउने गरेका छन् । "२० देखि ५० मनसम्म तोरी नफलाउने कुनै घर नै छैन हाम्रो वडामा", उहाँले भन्नुभयो ।

सोही वडाका लाल मोहम्मद, गोपाल तिम्सिना, मन्सुर मिया र दुर्गा गुरुङले जनही चारदेखि आठ बिघासम्म तोरी खेती लगाउनुभएको छ। यसपालि मौसमी अनुकूलताले बाली रोगकीरामुक्त रहेको जनाउँदै वडाध्यक्ष सुब्बाले गत वर्षको तुलनामा डेढाका दरले उत्पादन वृद्धि हुने अपेक्षा गरिएको बताउनुभयो।

तोरी खेतीका लागि सुहाउँदो माटो र उर्वरा शक्ति राम्रो भएकाले सुनसरीको तरहरास्थित प्रदेश कृषि अनुसन्धान केन्द्रले बीउका लागि एक हजार केजी तोरी दुहागढीबाट खरिद गर्ने सम्झौता गरिसकेको कृषक नेपालले जानकारी दिनुभयो ।

उहाँलाई केन्द्रले बीज विस्तारका निम्ति तोरीको बीउ र प्राविधिक सल्लाह प्रदान गरेको थियो। अन्य किसानले स्थानीय मिल, सहकारी संस्था, व्यापारी र सर्वसाधारण उपभोक्तालाई तोरी बिक्री गर्दै आएका छन् । दुहागढीमा दुईवटा तोरी पेल्ने मिल सञ्चालनमा छन् ।

वडाध्यक्ष सुब्बाका अनुसार मेचीनगर-१४ मा एक हजार बिघाभन्दा बढी जमिनमा किसानले तोरीको व्यावसायिक खेती गरेका छन्। हँडिया रेगुलेटर परियोजनाबाट पर्याप्त सिँचाइको व्यवस्था भएकाले तोरी बाली फस्टाएको छ। कृषि ज्ञान केन्द्र झापाका सूचना अधिकारी गणेश शिवाकोटीका अनुसार प्रतिबिघा सामान्यतया आठ सय केजीका दरले तोरी उत्पादन हुन्छ। यसपालि उत्पादकत्व बढ्ने उहाँको अनुमान छ।

कोरोनाकालमा अर्ग्यानिक उत्पादनले बजार पाएको र रुस-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय बजारमै खानेतेलको मूल्य वृद्धि भएपछि नेपाली किसानले तोरीको भाउ सोचेभन्दा बढी नै पाइरहेका छन्। विगत दुई वर्षमा बजारमा तोरीको तेलको भाउ दोब्बरले बढेको छ।

पहिला पहिला जस्तो खेत बाँझो राख्ने चलन हराउँदै गएको छ भने विदेशबाट फर्केका र व्यावसायिक कृषि जीवन अपनाइरहेकाहरू धमाधम ठूलो मात्रामा तोरी खेतीतर्फ आकर्षित भएको देखिन्छ । कृषि ज्ञान केन्द्रका शिवाकोटीले तोरी खेतीमा लगानी र जनशक्ति कम लाग्ने उल्लेख गर्दै आम्दानी बढी हुने थाहा पाएपछि किसान आफ्नो जग्गा नभए भाडामा लिएर तोरी खेतीमा लागेको बताउनुभयो। तोरी छरेको तीन महिनाभित्रमै पाक्ने र झापाको माटो धान, मकै, सुपारीजस्तै तोरीका लागि उर्वर भूमि रहेको उहाँले बताउनुभयो।

झापामा आर्थिक वर्ष २०७६/७७ मा तीन सय ११ हेक्टरमा तोरी खेती भएको थियो भने २०७८/७९ मा बढेर तीन सय २० हेक्टरमा व्यावसायिक खेती भएको थियो। चालू आवमा तोरी खेती भएको क्षेत्रफल झापामा पाँच सय पुग्ने आङ्कलन गरिएको छ।

## अर्जुनधारामा पनि लहलह

अर्जुनधारा नगरपालिकाले नगर सहकारीमार्फत तोरी खेती प्रवर्द्धन गरिरहेको जनाएको छ । अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारीका अध्यक्ष प्रत्युश रानाले तोरी खेतीका लागि यस वर्ष दुई सय ७० केजी उन्नत जातको बीउ वितरण गरेको बताउनुभयो । सहकारीले किसानबाट उत्पादित तोरी खरिद गरेर आगामी वर्ष नगरलाई तोरीको बीउमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ।

नगरमा यस वर्ष १० हजार केजी तोरीको उन्नत जातको बीउ सङ्कलन गर्ने सहकारीले जनाएको छ। झापाका शिवसताक्षी, कमल लगायतका स्थानीय तहले समेत तोरी खेती प्रवर्द्धनमा लगानी गरिरहेका छन्। कृषि ज्ञान केन्द्रले पकेट क्षेत्रका आधारमा अनुदान र सहुलियत उपलब्ध गराउँदै आएको छ।

अन्य खेतीको तुलनामा तोरी खेतीबाट किसान बढी लाभान्वित भइरहेका छन् । चार बिघामा तोरी खेती गर्दा करिब रु एक लाख जति खर्च हुने र आम्दानी रु पाँच लाखभन्दा बढी नै हुने कृषक नेपालले जानकारी दिनुभयो ।रासस

# यस वर्ष नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने विश्व बैंकको प्रक्षेपण




काठमाण्डु । नेपालको आर्थिक वृद्धिदर आर्थिक वर्ष सन् २०२२/०२३ मा पाँच दशमलव एक र २०२३/०२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण सार्वजनिक भएको छ।

विश्व बैंकले मङ्गलबार 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदन सार्वजनिक गर्दै यस्तो प्रक्षेपण गरेको हो । आव २०२१/०२२ मा नेपालले पाँच दशमलव आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान रहेको पनि विश्व बैंकले जनाएको छ।

विश्व बैंकको अघिल्लो प्रक्षेपणको तुलनामा नयाँ प्रक्षेपणले नेपालको मात्र नभई विश्व आर्थिक वृद्धिदरमा समेत सङ्कुचन आउने देखाएको छ । नयाँ प्रक्षेपणअनुसार सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर एक दशमलव सात प्रतिशतमा खुम्चने छ । जुन अघिल्लो अनुमानभन्दा एक दशमलव तीन प्रतिशत विन्दुले न्यून हो। विश्व बैंकले छ महिनाअघि अर्थात् गत जुन महिनामा मात्र विश्व आर्थिक वृद्धिदर तीन प्रतिशत रहने अनुमान सार्वजनिक गरेको थियो। सन् २०२४ मा भने विश्व आर्थिक वृद्धिदर दुई दशमलव सात प्रतिशत रहने प्रक्षेपण छ।

ग्लोबल इकोनोमिक प्रस्पेक्ट प्रतिवेदनअनुसार रुस-युक्रेन युद्ध र कोभिड महामारीको प्रभावलाई न्यून आर्थिक वृद्धिदरको मुख्य कारणका रूपमा हेरिएको छ । त्यस्तै, उच्च मूल्यवृद्धि, उच्च ब्याजदर, न्यून लगानी, आपूर्ति शृङ्खलामा देखिएको अवरोधलगायतका कारणले पनि आर्थिक वृद्धिदरमा गिरावट आएको विश्व बैंकले जनाएको छ।

सन् २००९ को विश्व आर्थिकमन्दी र २०२० मा महामारीका कारण न्यून देखिएको आर्थिक वृद्धिदरपछि यस वर्ष सबैभन्दा कम आर्थिक वृद्धिदर रहेको पनि विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । 'सन् २०२३ को आर्थिक वृद्धिदरको अनुमान पछिल्लो तीन दशक अवधिमा देखिएको तेस्रो ठूलो गिरावट हो । विश्व आर्थिक वृद्धिदर सन् २००९ र २०२२ यताकै यस वर्ष सबैभन्दा कम हो', प्रतिवेदनमा भनिएको छ।

विश्व बैंकको प्रक्षेपणअनुसार भारतमा सन् २०२३ मा छ दशमलव छ प्रतिशत र सन् २०२४ मा छ दशमलव एक प्रतिशत आर्थिक वृद्धिदर रहने छ।

त्यस्तै, पाकिस्तानमा सन् २०२३ मा दुई प्रतिशत र सन् २०२४ मा तीन दशमलव दुई प्रतिशत वृद्धिदर रहने अनुमान गरिएको छ। त्यस्तै, बङ्गलादेशमा सन् २०२३ मा पाँच दशमलव दुई र सन् २०२४ मा छ दशमलव दुई प्रतिशत आर्थिक वृद्धिदर रहने विश्व बैंकको प्रक्षेपण छ ।रासस

# दोब्बर मूल्य पार्न सुन्तलाको भण्डारण

गलकोट। यस वर्ष सिगानाको विद्युतीय शीत भण्डारणमा १८ टन सुन्तला राखिएको छ । बागलुङ नगरपालिका-८ सिगानाका रामबहादुर खड्काले बेमौसममा सुन्तला बिक्रीका लागि शीत भण्डारण गृहमा १८ टन सुन्तला राख्नुभएको छ।

सुन्तला गाउँका रूपमा परिचित सिगानामा यस वर्ष रु तीन करोड सुन्तला उत्पादन भएको । सिगानामा उत्पादन भएको सुन्तलामध्ये १८ टन सुन्तला विद्युतीय शीत भण्डारण गहृमा राखिएको छ भने आठ टन सुन्तला प्राकृतिक शीत भण्डारण गृहमा राखिएको छ।

सिगानामा अहिले विद्युतीय र प्राकृतिक गरी तीनवटा शीत भण्डारण गृह रहेका छन्। पुसको अन्तिममा राखिएका सुन्तला फागुन-चैतमा दोब्बर मूल्य पार्नका लागि सुरक्षित भण्डारण गरिएको सुन्तला किसान रामबहादुर खड्काले बताउनुभयो । उहाँले भन्नुभयो ,"अहिले सिगानाका सुन्तला होलसेल मूल्य प्रतिकेजी रु ६० मा बिक्री हुन्छ, शीत भण्डारण गृहमा राखिएका सुन्तला फागुनमा मात्रै बिक्री गरिन्छ, त्यस समयमा प्रतिकेजी रु एक सय ५० होलसेल र एक सय ८० खुद्रा मूल्यमा बिक्री हुन्छ।"

मौसमअनुसार कृषि उपज उत्पादन गर्ने कृषकले बजार मूल्य नपाउँदा यहाँका किसानहरूले शीत भण्डारणमा राखेका सुन्तला बेमौसममा बिक्री गर्ने गरिएका छन्। सिगानामा हाल दुई परम्परागत र एक आधुनिक सुन्तला भण्डारण गृह छन्। पाँच वर्षदेखि परम्परागत शीत भण्डारण गृहमा सुन्तला राखेर बेमौसममा महँगो मूल्यमा सुन्तला बिक्रीवितरण गर्दै आएको सुन्तला किसान टोपबहादुर खड्काले बताउनुभयो । "शीत भण्डारण गृहको छेउमा पानीको सिँचाइ गरिन्छ, र बीचमा सुन्तला राखिन्छ, सुन्तलाको तापक्रम समय-समयमा परीक्षण गरिन्छ", खड्काले भन्नुभयो, "अहिले सुन्तलाको खासै राम्रो मूल्य छैन, भण्डारण गृहमा राखिएका सुन्तलाको दोब्बर मूल्य पर्दछ।"

सुन्तलाको याममा सुन्तलाको मूल्यमा तीव्र प्रतिस्पर्धा हुने भएकाले बेमौसममा सुन्तलाको मूल्य बढी पार्नका लागि शीत भण्डारण गृह उपयोगी देखिएको सिगानाका किसानहरूले बताएका छन् । सुन्तलाको सुरक्षित भण्डारणका लागि गण्डकी प्रदेश सरकारले २० टन क्षमताको विद्युतीयबाट चल्ने सुन्तला चिस्यान केन्द्र (कोल्ड रुम) निर्माण गरेपछि चार वर्षअघि निर्माण गरेको हो। गण्डकी प्रदेश सरकारले सिगानामा क्रियाशील गणेश व्यावसायिक कृषि सहकारीमार्फत रु ३० लाखको लागतमा सुन्तला चिस्यान केन्द्र निर्माण गरेको थियो ।रासस

# अमलेखगञ्जदेखि झापासम्म पेट्रोलियम पाइपलाइन सम्भाव्यता अध्ययन हुने

नयाँदिल्ली । नेपालमा विद्युतीय प्रसारण लाइन विस्तार, कृषिमा उन्नत प्रविधिको प्रयोग र पेट्रोलिम पदार्थको पाइपलाइन विस्तारलगायतका क्षेत्रमा भारतीय सहयोगका लागि दुई देशबीच विभिन्न संयन्त्रका माध्यमबाट छलफल भइरहेको छ । भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्माले नेपालबाट चार सय ५० मेगावाट बिजुली भारतमा निर्यातका लागि आवश्यकपर्ने प्रसारण लाइनको विस्तार गर्न भारत सकारात्मक रहेको र नेपालमा उन्नत (हाइब्रिट) जातका पशु लगेर व्यावसायिक पशुपालन बढाउन छलफल भइरहेको बताउनुभयो।

भारतको ग्रेटर नोइडास्थित गौतमबुद्ध विश्वविद्यालयमा जारी सार्क पत्रकार मञ्च (एसजेएफ) को अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी नेपाली पत्रकारको प्रतिनिधिमण्डलसँग नयाँदिल्लीस्थित दूतावासको कार्यालयमा कुराकानी गर्दै राजदूत डा शर्माले अमलेखगञ्जबाट चितवन हुँदै झापासम्म पेट्रोलियम पदार्थको पाइपलाइन विस्तारका लागि सम्भाव्यता अध्ययन हुने जनाउनुभयो।

उहाँले नेपालले माग गरेअनुसार हवाई रूट थपका लागि दई देशबीचको प्राविधिक समूहको बैठक हुनुपर्ने र लामो समयदेखि थन्किएका मुद्दाको समाधानका लागि उच्चस्तरीय भ्रमणको आदानप्रदान र संवाद हुनुपर्ने बताउनुभयो । भारतका गृहमन्त्री राजनाथ सिंहसँग हालै एक कार्यक्रमका सन्दर्भमा राजदूत डा शर्माको कुराकानी भएको थियो। सो क्रममा गृहमन्त्री सिंहले नेपालको नयाँ सरकार र पछिल्लो राजनीतिक घटनाक्रमबारे चासो राख्नुभएको थियो।

सो अवसरमा मञ्चका नेपाल शाखा संयोजक प्रकाश सिलवालले "राष्ट्र निर्माणमा पत्रकारको भूमिका" विषयक उक्त अन्तर्राष्ट्रिय सम्मेलनका विषयवस्तुबारे अवगत गराउनुभएको थियो ।रासस

# लोसपा दलको नेतामा शर्मा

**टुडे समाचारदाता**



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलको नेतामा अभिराम शर्मा सर्वसम्मत चयन भएका छन् ।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ को 'ख' बाट निर्वाचित शर्मा बुधवार दलको नेतामा निर्विरोध चयन भएका छन् ।

मंगलबार पाँच सांसदले समर्थनसहितको प्रस्तावपत्र केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष महन्थ ठाकुरलाई बुझाएको थियो ।

सोही पत्रको आधारमा बुधबार बसेको बैठकले उनलाई सर्वसहमतिमै चयन गरिएको छ। लोसपा प्रदेशसभामा प्रतिपक्षी दलको भूमिकामा छन् ।

अभिरामलाई सांसद रमेश पटेल, उपेन्द्र महतो, रानी शर्मा र रुपा यादवले समर्थन गरेका छन् । लोसपामा अर्का दाबेदार जितेन्द्र सोनल पनि पुनः दलको नेता बन्ने गृहकार्य गरेका थिए । तर पार्टी अध्यक्ष ठाकुर निकट मानिने उनी दलको नेता बन्न सफल हुन सकेनन् । सांसद सोनलको पक्षमा चार सांसद मात्रै उभिएका थिए ।

महोत्तरीका जयनुल राइन, सिरहाका रामबाबु यादव, र रमिता प्रधानले सोनललाई समर्थन गर्ने मनसायमा थिए । तर बहुमत सांसद नपुग्ने अवस्था भएपछि उनीहरुले निर्विरोध रुपमा अभिरामलाई चयन गरेका छन् ।

मधेश प्रदेशमा प्रतिनिधित्व गर्ने अधिकांश पार्टीले दलको नेता चयन गरिसकेका छन् । नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रको नेता अझै चयन हुन सकेका छैनन् । अधिकांश दलले नेता चयन गरेसँगै सरकार गठनको प्रकृया तीव्र रुपमा सुरु भएको छ ।

यही पुस २९ गते प्रदेशसभामा सभामुख र उपसभामुख पदको लागि मनोनय दर्ता हुने समय तोकिएको छ । आगामी माघ २ गते प्रदेशसभा बैठक पनि राखिएको छ । सो बैठकमा सभामुख र उपसभामुख पदका लागि चयनको प्रस्ताव प्रस्तुत हुने कार्य सूची रहेको छ ।

# मुख्यमन्त्री यादवको राजनीतिक यात्राक्रम

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्रीमा बारा निर्वाचन क्षेत्र नम्बर १ को 'ख'बाट निर्वाचित सरोजकुमार यादव नियुक्त भएका छन् ।

बुधबार ६३ सांसदको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी गरेका ५१ वर्षीय यादवलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले बुधबार नै नियुक्त गरेका छन् ।

वि.स.२०२८ माघ १० गते बाराको सिमरौनगढ नगरपालिका-३ मा जन्मिएका यादव निरन्तर पदमा रहदै आएका व्यक्ति हुन् ।

बुबा परमानन्दप्रसाद यादव र आमा सिकिल देवीको कोखबाट जन्मेका उनी प्रमाणपत्र तहसम्म अध्ययन गरेका छन् । ०४८ सालबाट राजनीति सुरु गरेका यादव ०५४ सालमा बाराको तत्कालीन हरिहरपुर गाविसको अध्यक्ष बनेका थिए । ०६४ सालको निर्वाचनमा उनी बारा निर्वाचन क्षेत्र १ बाट तत्कालीन सद्भावना पार्टीबाट संविधानसभा सदस्य भएका थिए ।

त्यसपछि ०६६ सालमा माधव नेपाल नेतृत्वका सरकारमा उनी वाणिज्य तथा आपूर्ति राज्यमन्त्री र ०६८ मा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेका थिए ।

सद्भावना पार्टीको ०६९ सालमा उनी महासचिव बनेका थिए । ०७३ सालमा सोही पार्टीमा उपाध्यक्ष भएका यादव तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) गठन हुँदा समेत उपाध्यक्ष नै थिए ।

०७४ को प्रदेशसभा निर्वाचनमा राजपाबाट बारा निर्वाचन क्षेत्र १ को 'ख'बाट निर्वाचित भएका थिए । मधेशमा त्यतिबेला दोस्रो दल रहेको राजपाबाट उनी निर्विरोध सभामुख पदमा चयन भएका थिए । तर जसपाबाट महन्थ ठाकुर समूह अलग्गिएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गर्दा उनी जसपा नै रोजेका थिए । अहिले जसपाबाट उनी मुख्यमन्त्री बनेका छन् ।

# 'पत्रकारिता क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउन आवश्यक सबै पहल थालिएको छ'




**टुडे समाचारदाता**

राजविराज । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रलाई मर्यादित निष्पक्ष र सुरक्षित बनाउन आवश्यक सबै पहल थालिएको बताएका छन् ।

बुधवार प्रेस काउन्सिल नेपालद्वारा पत्रकार महासंघ सप्तरी शाखाको समन्वयमा राजविराजमा आयोजना गरिएको पत्रकार आचारसहिंता, मिडिया विकास कोष र पत्रपत्रिका वर्गिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले पत्रकारिता क्षेत्रका केही जटिल समस्या संसदबाट नै समाधान हुनसक्ने भएकाले त्यसतर्फ पनि पहल थालेका बताए ।

उनले काउन्सिल सबैसंगको समन्वयको आधारमा पत्रकारिता क्षेत्रको समस्या समाधान गर्न र स्वच्छ पत्रकारिताको मर्यादालाई कायम राख्न प्रयत्नशील रहेको चर्चा गर्दै पत्रकार र संचारमाध्यमले स्वस्थ, स्वच्छ, स्वतन्त्र र मर्यादित पत्रकारिताका लागि न्याय निरुपणमा प्रभाव पर्ने, सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सदभावमा खलल पुग्ने लगायतका कार्य नगर्न सहभागीहरु समक्ष १४ बुंदे सुझावपत्र समेत प्रस्तुत गरेका थिए ।

कार्यक्रमका सहभागीले जिल्लावाट संप्रेषित पत्रपत्रिका संचार माध्यमको विज्ञापनको कुनै ठोस श्रोत र आधार नरहेको कारण लोककल्याणकारी विज्ञापन वापत राज्यले उपलब्ध गराउदै आएको केही रकमले मात्रै धान्नु परेको भनी चिन्ता व्यक्त गरेका थिए ।

प्रेस काउन्सिल नेपालका सदस्य राम प्रसाद दाहालले पत्रकारिता क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउन विभिन्न नीति निर्माण कार्य तीव्र गतिमा अघि बढेको बताए ।

कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द चौलागाइले जेष्ठ र वरिष्ठ पत्रकारहरुलाई भावी दिनमा पेन्शनको व्यवस्था लागुगर्न काउन्सिल र सरकारसंग समन्वय गरी अघि बढेको बताए ।

कार्यक्रममा पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण देव,मधेश प्रदेश आम संचार प्राधिकारणका अध्यक्ष श्यामसुन्दर यादव, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य एवं वरिष्ठ पत्रकार अनिल कुमार अनल, प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, पत्रकार महासंघ सप्तरीका पूर्व सभापति मुरली प्रसाद यादव, तिरहुत गाउँपालिकाका अध्यक्ष विजय कुमार यादव, रुपनी गाउपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले पनि पत्रकारिता क्षेत्रमा देखिएको समस्या र तीनको समाधानबारे आ आफनो धारणा राखेका थिए ।

# डा.चन्द्रमोहन र ईब्राहिमलाई कारबाही गर्न सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ४को क्षेत्रीय समितिले प्रतिनिधिसभाको निर्वाचनमा पार्टीको अनुशासन विपरीत काम गरेको भन्दै डा.चन्द्रमोहन यादव र ईब्राहिम राईनलाई कारबाहीका लागि जिल्ला समितिमा सिफारिस गरेको छ ।

क्षेत्रीय सभापति कुमरकान्त झाको अध्यक्षतामा बसेको बैठकले निर्वाचनमा नेता यादव तथा राईनले नेकांका उम्मेदवार महेन्द्र यादव विरुद्ध लागेको भन्दै कारबाहीका लागि सिफारिस गरेको जनाइएको छ ।

नेता यादव र राईनले नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठसंग रकम लिइ महेन्द्र यादवलाई पराजित गर्न चलखेल गरेको क्षेत्रीय समितिको ठहर छ । 'चन्द्रमोहन र ईब्राहिम महेन्द्रको विपक्षमा नगएको भए उनी जित्ने निश्चित थियो',सभापति झाले भने । यीनीहरुले महासेठको पैसा खाएर मतदाता भड्काउने काम गरेकोले नेकांको उम्मेदवार यादव पराजित भएको झाले दाबी गरेका छन् ।

# एम्बुलेन्स र दमकल सहकार्यको सम्झौता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिलाबिहारी नगरपालिका र धनुषाधाम नगरपालिकाबीच एम्बुलेन्स र दमकल सहकार्यको सम्झौता भएको छ ।

मंगलबार एक कार्यक्रमबीच मिथिलाबिहारी नगरपालिकाका मेयर राजेन्द्र प्रसाद यादव र धनुषाधाम नगरपालिकाका मेयर बालेश्वर मण्डलले एक-आपसमा दुबै नगरपालिकावासीलाई आवश्यक परेको बेला निःशुल्क एम्बुलेन्स र अग्नि नियन्त्रक यन्त्र (दमकल) उपलब्ध गराउने सम्झौता गरेको हो ।

अन्तर स्थानीय तह सहकार्य र समन्वयका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम मिथिला बिहारी नगरपालिकाले साझा सरोकारको रुपमा विद्यमान रहेका एम्बुलेन्स आवश्यक परेको खण्डमा धनुषाधाम नगरपालिकालाई निःशुल्क रुपमा उपलब्ध गराउने सम्झौता गरेको छ ।

सो क्रममा धनुषाधाम नगरपालिकाले मिथिलाबिहारी नगरपालिकालाई निःशुल्क रुपमा अग्नि नियन्त्रक यन्त्र अर्थात दमकल उपलब्ध गराउनुपर्ने शर्त राखिएको छ । स्थानीय तहमा एक आपसमा सहकार्य गरी एम्बुलेन्स र दमकल सहकार्यको सम्झौता भएको हो ।

प्रथम पक्षले दोश्रो पक्षलाई एम्बुलेन्स उपलब्ध गराउँदा चालक सहित उपलव्ध गराउनु पर्नेछ र मिथिला बिहारी नगर कार्यपालिकाको कार्यलयबाट घटना स्थलसम्म पुग्दा लाग्ने सम्पूर्ण खर्च वा अन्य भैपरि आउने दुर्घटना तथा आकस्मिक खर्च साथै दोश्रो पक्षले उक्त दिनको सबै खर्च आफ्नै कार्यालयबाट व्यहोर्नु पर्नेछ। यस्तै, धनुषाधामले समेत मिथिलाबिहारीलाई चालकसहित नै दमकल उपलब्ध गराउनुपर्नेछ ।

सम्झौतामा दोश्रो पक्ष भनिएको धनुषाधाम नगरपालिकाले एम्बुलेन्स संग सम्बन्धित काम बाहेक अन्य कार्यमा उक्त एम्बुलेन्स प्रयोग गर्न नपाइने उल्लेख छ। मिथिलाबिहारी नगरपालिकाले एम्बुलेन्स सेवा संचालन व्यवस्थापन समितिले तोकेको शुल्क बाहेक बढी शुल्क लिने छैन । सोही अनुसार धनुषाधामले पनि दमकल उपलब्ध गराउन शर्त पालना गर्नुपर्ने छ । मिथिलाबिहारी नपाले धनुषाधाम नपालाई एम्बुलेन्स उपलव्ध गराउँदा कहाँ गएको छ सो को जानकारी अनिवार्य रूपमा दोश्रो पक्षले प्रथम पक्षलाई दिनुपर्ने शर्त समेत राखिएको छ । दमकल दिँदा मिथिलाबिहारीले सबै जानकारी धनुषाधामलाई उपलब्ध गराउनुपर्नेछ ।

केही प्राविधिक कारणबस एम्बुलेन्स प्रथम पक्षकै कार्यालयमा बिग्रिन गएमा ठिक नहुँदा सम्म दोश्रो पक्षले प्रथम पक्षलाई एम्बुलेन्स उपलब्ध गराउन वाध्य पार्ने छैन । सो को व्यवस्था दोश्रो पक्षले अन्य कतैबाट गर्नुपर्ने हुन्छ ।, प्रथम पक्षले दोश्रो पक्षलाई एम्बुलेन्स उपलव्ध गराइ सके पश्चात एम्बुलेन्स केही प्राविधिक कारणले बिग्रिन गएमा त्यसको सम्पूर्ण खर्च दोश्रो पक्षले व्यहोर्नेछ।

बार्षिक आन्तरिक लेखा परीक्षण, प्रतिवेदन र सेवा विवरणको अभिलेख दुरूस्त राख्ने जिम्मेवारी प्रथम पक्षको हुने भनेर सम्झौतामा उल्लेख छ ।

सम्झौता समारोहमा मिथिलाबिहारी नगरपालिकाका प्रमुख राजेन्द्र प्रसाद यादव, धनुषाधामका नगर प्रमुख बालेश्वर मण्डल, मिथिलाबिहारीकी उपमेयर शोभा देवी, प्रमुख प्रशासकीय अधिकृत रामदरश यादव, सूचना प्राविधिक शाखाका लक्ष्मी नारायण यादवसहित धनुषाधामकी उपमेयर विद्या देवी भुजेल, प्रमुख प्रशासकीय अधिकृत सँजित प्रसाद दासको विशेष उपस्थिति रहेको थियो ।

# शीतलहरको कहर जारी



**टुडे समाचारदाता**

राजविराज । दुई साता देखि सप्तरीमा चलेको लगातारको शीतलहर पछिल्ला ३ दिन यता अझै बढ्दै गएको छ ।

बाक्लो हुस्सुसँगै बढ्दै गएको चिसो सिरेटोका कारण जाडो बढ्दै गएपछि जनजीवन निक्कै कष्टकर बन्दै गएको छ ।

तीन दिनदेखि बढेको अत्यधिक चिसोले सर्वसाधारणहरु झनै पीडित बनेका छन् । विशेष गरी शरीर ढाक्ने न्यानो कपडा र ओढ्ने-ओछ्याउने नहुँदा विपन्न वर्ग बढी मारमा परेका छन् ।

चिसो कै कारण जिल्लाका निजी क्लिनिक तथा अस्पतालमा रोगी बढेका छन् । चिसोका कारण हात खुट्टा सुन्निने, निमोनिया, दम, रुघाखोकी र श्वास-प्रश्वास सम्बन्धी समस्या लिएर आउने बिरामीको संख्या ह्वातै बढेको गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक कक्षले जनाएको छ ।

विपन्न परिवार जाडो छल्न अधिकाँश समय आगो तापेर बिताउने गरेका छन् । कडा घाम नलाग्दा मैलो भइसकेको ओढ्ने ओछ्याउने सुकाउन समेत नसकिएको तिलाठी कोईलाडी गाउँपालिका-४ सोमन सदाले दुखेसो पोखे ।

यता चिसो बढेपछि जिल्लामा सिरक, डसना र न्यानो लुगाको कारोबारमा वृद्धि भएको छ । राजविराजमा मात्रै अहिले ४ स्थानमा रुइ, पल्ला, कपडा, सबै स्थानीय बजारमा किनेर तत्कालै तयार गरी उपभोक्तालाई दिने काममा १ दर्जन भन्दा बढी सिलाई मजदुर खटिएका छन् ।

राजविराजका साथै भारतबाट समेत आएका ४/५ जनाको समूहले सिरक, डसना तयार गरेर बिक्री गर्ने गरेको राजविराज-९ का सिलाई मजदुर फिरोज आलमले बताए । उनले अहिले सिरक, डसनाको माग अत्यधिक भएकाले आफूहरुलाई भ्यान-नभ्याइ भएको जनाए ।

शीतलहरबाट सर्वसाधारणलाई जोगाउन स्थानीय प्रशासन, विभिन्न पालिका र संघसंस्थाले दाउरा देखि न्यानो लुगा वितरण गर्ने गरे पनि त्यो पर्याप्त नभएको विपन्न समुदायको गुनासो रहेको छ ।

# भन्सारको लापरबाहीले लाखौंको राजस्व गुम्ने खतरा

**ध्रुबकुमार झा**



जनकपुरधाम । थोत्रा सवार ीसाधनले कार्यालय परिसर भरिभराउ छ । जतातते गाडी थन्काइएको छ । सवारीहरु कवाडमा परिणत भएर भद्दा देखिन्छ । यो दृष्य हो, जनकपुरधाम उप-महानगरपालिका स्थित जनकपुर भन्सार कार्यालयको । यहाँ दुई वर्षदेखि अवैध कारोवारमा संलग्न हुँदा नियन्त्रणमा लिइएको सवारीहरु अलपत्र अवस्थामा छ ।

करिब पाँच सय सवारी साधन कार्यालय वरिपरि बेवारिसे अवस्थामा रहेको छ । लिलामी प्रक्रियामा ढिलाइ हुँदा सरकारको लाखौं राजश्व गुम्ने अवस्थामा पुगिसके पनि सरोकारवाला निकाय गम्भीर हुन सकेका छैनन् ।

विभिन्न मुद्दामा प्रहरीले नियन्त्रणमा लिइ भन्सारलाई बुझाएका साढे चार सय मोटरसाइकल तथा टेम्पु, जीप,एम्बुलेन्स गरी पचास वटा भन्दा बढी चारचक्के गाडी कार्यालयमै रहेको भन्सार कार्यालय जनकपुरधामका प्रमुख केशवराज ओलीले जानकारी दिए । उनका अनुसार लामो समयदेखि खुला आकाशमुनि राखिएको सवारी साधनहरु मध्ये दुई सय भन्दा बढी सवारी साधनमा खिया लागिसकेको छ । बाँकी सवारी साधनहरु पनि खिया लागेर नष्ट हुने जोखिम छ । नियन्त्रणमा लिइएका सवारी साधनहरुको चाप बढ्दै जानु र निलामीमा ढिलाई भएपछि सवारीमाथि नै सवारी थन्काउँदा थुप्रै मोटरसाइकलहरु कामै नलाग्ने अवस्थामा समेत पुगेको छ ।

झन्झटिलो प्रक्रियाका कारण लिलामीमा ढिलाई भएको कार्यालय प्रमुख ओलीले बताए । ढिलाइ भए पनि केही समय पछि लिलामी प्रक्रिया सुरु गरिने उनले बताए । सवारी साधनहरुको मोडेल पहिचान गर्नुपर्ने, मूल्याँकन समिति गठनगरी सवारीको मूल्याँकन गर्नु पर्ने लगायतका झन्झटिलो प्रक्रिया भएकोले लिलामी हुन ढिलाइ भएको उनले प्रष्ट गरे ।

सवारीको मोडेल पहिचान गर्नका लागि डिलरहरुमा पत्राचार गरिसकेको प्रमुख ओलीले जानकारी गराए पनि कुन-कुन डिलरलाई पत्राचार गरिएको भन्ने प्रश्नको जवाफ उनले दिएनन् ।

राजश्व संकलन तथा सवारी लिलामी नै भन्सार कार्यालयको मुख्य दायित्व रहेको स्विकार गरेका प्रमुख ओलीले भने,' म सरुवा भइ आएको दुई महिना मात्रै भएको छ । तर मैले लिलामी प्रक्रियालाई अगाडि बढाएको छुँ । अब डिलर हरुले कहिले जवाफ दिन्छन् त्यसकै प्रतीक्षामा छौ ।'

लिलामी भएर बिक्री हुँदा कम्तीमा एउटा मोटरसाइकल ३० हजारसम्मको राजश्व संकलन भए ३० हजारको दरले दुई सय मोटरसाईकलको मूल्य जोड्ने हो भने ६० लाख रकम उठाउन सकिने राजश्व गुम्ने खतरा बढिरहेको एक कर्मचारीले नाम नखुलाउने शर्तमा बताए । उनले भने,'अहिले सम्म प्रक्रिया अगाडि नै बढाइएको छैन । कसैलाई यसबारे वास्ता नै छैन । यदि सरकारी सम्पत्तिको सदुपयोग गर्न तर्फ कर्मचारीहरु संवेदनशील भएको भए यो अवस्था सृजना हुने नै थिएन ।'

सवारी साधनकै चापको कारण कार्यालय परिसर मात्र होइन कार्यालय अगाडिको मुख्य सडकमा पनि जाम लाग्ने गरेको छ । चार चक्के लाखौका गाडीहरु पनि खिया लागेर नष्ट भइरहेको छ । लिलामी प्रक्रियामा अझै ढिलाइ गरिए केही दिन भित्रै सबै सवारी साधन कामै नलाग्ने र लिलामी भए पनि न्यून मूल्यमा मात्रै लिलामी हुने निश्चित रहेको छ ।

# व्यवस्थापन समिति गठन



**टुडे समाचारदाता**

कलैया । जीतपुर सिमरा उपमहानगरपालिकाको जेठो विद्यालय फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालय जीतपुरमा ब्यवस्थापन समिति गठन भएको छ । समितिको अध्यक्षमा वडा नं.७ का वडा अध्यक्ष सुनिल गुप्ताको अध्यक्षतामा ४ सदस्यीय समिति गठन भएको छ ।

समितिका सदस्यहरुमा रमेश सहनी गोडि ,अफरोज आलम अंसारी, रिँकी देबी कानु र अफताब आलम ठकुराई रहेका छन् । एक कार्यक्रमको आयोजना गरी वडा अध्यक्ष गुप्ताले विद्यालय व्यवस्थापन समितिको घोषणा गरे । जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन २०७४ को अनुसार वडा नं.७ को कार्यालयले वडा अध्यक्ष गुप्तालाई नियुक्त गरेको हो । औपचारिक कार्यक्रमको उद्घाटन मधेश प्रदेशसभा सदस्य देवनारायण चौधरीले उद्घाटन गरेका थिए ।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाको उप प्रमुख भोला प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत चेत कुमार पोखरेल, नगर स्तरीय शिक्षा महाशाखाका प्रमुख शिवजी प्रसाद, शिक्षा अधिकृत हरिष भट्ट, कम्पयुटर ईन्जिनीयर संघर्ष बिडारी, निवर्तमान वडा अध्यक्ष रामबाबु गुप्ता, लोसपाका शिवजी साह सोनार लगायतको सहभागिता रहेको थियो ।

## आवश्यकता

होटल सुजाता पैलेश, मलंगवा, सर्लाहीको लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक भएकोले इच्छुक र योग्य व्यक्तिहरुले निम्न नम्बर र ठेगानामा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

| सि. नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | रिसेप्सन काउण्टर | १ | महिला/पुरुष, कम्प्युटर सम्बन्धी ज्ञान भएको । |
| २. | हाउस किपिङ्ग | २ | महिला/पुरुष, सम्बन्धी काममा दक्ष |
| ३. | वेटर | ५ | सम्बन्धित काममा दक्ष |
| ४. | क्यापटन | १ | सम्बन्धित काममा दक्ष |
| ५. | लेखापाल | १ | प्रमाण-पत्र तह उर्त्तिण र सम्बन्धित काममा दक्ष |

सम्पर्क नं. : ९८५४०३५०६१, ९८०११३५०६१

होटल सुजाता पैलेश
मलंगवा, सर्लाही
hotelsujataplace@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८